CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु षडानन्द

पद्यकाव्य



गुरूर्ब्रह्माः गुरूर्विष्णुः गुरूःदेवो महेश्वरः
गुरूः साक्षात् परः ब्रह्मः तस्मैश्री गुरवे नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु षडानन्द

(पद्यकाव्य)

श्री वाल्मीकि विद्यापीठ
पुस्तकालय लाई
सादर भेट –
खेमराज
०५९ (१२) ४

काव्यकारः- खेमराज गौतम
केउरेनीपानी -८
दिङ्ला, भोजपुर

मूल्यः रु. ५०।- (पचास मात्र)

ढाँचाः राजन काफ्ले, यति आर्ट २४७१८२, कम्प्युटरः उमेश काफ्ले, राजु काफ्ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki C

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-कामना

भोजपुर जिल्लाको दिंला, आम्वोटे निवासी खेमराज गौतमले रचना गरेको "गुरू षडानन्द " नामक काब्य आद्योपान्त पढ्ने मौका पाएँ । आवाल ब्रह्मचारी बालागुरु षडानन्द साँच्चि नै आध्यात्मिक शक्ति सम्पन्न हुनुहुन्थ्यो । उहाँले आफ्नो शक्ति र साधनालाई देश र समाजको कल्याण कार्यमा लगाउनु भयो । उहाँ कै सत्प्रेरणा र प्रयासबाट तत्कालीन परिस्थितिमा पनि दिंलाले शिक्षाका क्षेत्रमा अग्रणी बन्ने सौभाग्य प्राप्त गरेको हो । शिक्षा प्रेमी कर्मयोगी बाला गुरुका कीर्ति-गाथालाई छन्दोवद्ध कवितामा प्रस्तुत गरिएको यो काब्य गुरु प्रति आस्था राख्ने सबैका लागि पठनीय छ । छन्दोवद्ध कविता रचनामा काब्यकार को यो प्रथम प्रयास हो । याहाँ ठाउँ-ठाउँमा काब्यकारका चिल्लापाते लक्षणहरु प्रशस्त पाईन्छन् , साधना र परिष्कारमा निरन्तरता दिनसके गौतमको भविष्य उज्वल देखिन्छ । काब्यकार गौतमलाई उज्वल भविष्यको लागि हार्दिक शुभ-कामना ।

वैशाख २५, २०५९

चेतोनाथ गौतम
सहप्राध्यापक
त्रिभुवन विश्व विद्यालय
पद्मकन्या वहुमुखी क्याम्पस
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रेरणा पछिको सफलता

यो काब्य सुरु गर्नु अघि मैले गुरु षडानन्दका बारेमा लेखेको कविता गुरुकै १६६ औं जन्मजयन्तीको अवसरमा दिंलामा भएको साहित्य गोष्ठीमा सुनाउने मौका पाएँ । मेरो कविता सर्वोत्कृष्ट भई मलाई पुरस्कार समेत मिल्यो । पुरस्कारमा रुपमती उपन्यास सहित एउटा दह्रो गाता भएको कपी (डायरी) पाइयो ।

उक्त कपिमा "प्रतियोगितात्मक साहित्य गोष्ठीमा प्रथम स्थान प्राप्त गर्नु भएकोमा श्री खेमराज गौतमलाई यो पुरस्कार प्रदान गरिएको छ," भन्ने वाक्यले ममा प्रेरणा जागेर आयो । मैले त्यही कपिमा लेखेर गुरु महाराज कै वारेमा वयान गर्ने विचारले "गुरू षडानन्द" नामक पद्यकाब्य तयार पार्ने सँकल्प गरें । त्यसपछि काब्य सुरु गर्नु अघाडी षडानन्द गुरु कै साहिंला दाजुका पनाती माधव अधिकारी सँग परामर्श गरें । उहाँले राम्रो सर-सल्लाह, अर्ति उपदेश र हौसला समेत प्रदान गर्नु भयो । त्यसपछी मैले यो काब्य लेख्न सुरु गरें ।

मलाई छन्दका कविता मनपर्ने हुनाले श्री १०८ आवाल व्रह्मचारी षडानन्द गुरुका ख्यातिप्राप्त अद्भूत शक्तिका यथार्थ कुराहरू मैले पद्यात्मक रुपमा विभिन्न छन्दमा निकै मेहनत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर समावेस गरेको छु । यो काब्यमा अनावश्यक काल्पनिक कुराहरू छैनन् । गुरु महाराजको यथार्थ चरीत्र चित्रण मात्र यहाँ पाइन्छ । यदि षडानन्द गुरुको यथार्थ कुराहरू वुझ्ने इच्छा भएमा यो "गुरू षडानन्द" नामक पद्यकाब्य आद्योपान्त पढ्ने हो भने छर्लङ्ग हुनेछ ।

अब यो काब्य छपाउन योग्य भैसकेपछि पुस्तक छपाउने विषयलाई लिएर मैले आफ्नो परिवारमा प्रस्ताव राखें । मेरो प्रस्तावमा सहर्ष सहमत दिने श्रीमती-शारदा गौतम, छोरा-यज्ञनिधि, छोरी-दयालक्ष्मी र मेरा ससुराली भाई राजकुमार कोईराला यी सबै मेरा धन्यवादका पात्र भएका छन् । यिनिहरुले श्री १०८ आवाल व्रह्मचारी षडानन्द गुरुप्रति भक्ति भाव दर्शाई यो "गुरू षडानन्द " नामक पद्यकाब्य छपाउने कार्यमा मन, वचन र कर्मले मलाई राम्रो सहयोग गरे । त्यसपछी यो काब्य छपाएर प्रस्तुत गर्नमा म सफल भएको छु ।

खेमराज गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पत्ति

मान्छे, मान्छे कुहित मतले देवता छट्पटाए ।
नेपालीको जनहित महाँ एक द्यौता पठाए ॥
दिङ्लालीको उदय चलमा झुल्किए एक तारा ।
अज्ञानी जो मनुज मनका ज्ञान ज्योती सहारा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरण विन्दू

पिता लक्ष्मीनारायण र जननी रूक्मिणि थिए ।
यिनैले द्यौताको अवतरण दिङ्ला गरिदिए ॥
भए वाला पैदा मनुज पथको कष्ट सहने ।
वने विन्दू पैले पछि किरण फैलेर रहने ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवाल ब्रम्हचारी षडानन्द अधिकारी

१८९२-१९७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम

सबै जम्मा गर्दा "नवनिकन जोडी" गनिकन ।
वडा "विद्धान्,, "योगी,, "परत उपकारी,, भनिकन ॥
"यशस्वी,, औ "इच्छा मरण,, गरि जम्मै त गनियो ।
छ ओटा आनन्दै मिलिकन षडानन्द वनियो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दिङ्लामा अवस्थित शालिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचय

शुभ रछ गडिगाऊँ त्यै भयो जन्म ठाऊँ ।
गुरुथर अधिकारी हो षडानन्द नाऊँ ॥
दिदि तिन गुरुजीका दाजु चारै भएछन् ।
जनम हुनु अगाडी बाबु स्वर्गै गएछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"शक्ति सम्मान्"

बाला योगी गुरु- गण-पती श्री षडानन्दलाई ।
द्यौतै माने हर मनुजले शक्तिको चाल पाई ॥
ठूलो, सानू, गहक, हलुका, अल्पिंदा छक्क पर्थे ।
योगी राजा भनिकन ठुलो मान सम्मान गर्थे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रुद्राक्ष वन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काब्य सार

पृथ्वीको रचना भएछ र अनी ब्रह्माजिको दृष्टिमा ।
मान्छे उच्च भएछ जीवहरुमा उन्कै ठुलो सृष्टिमा ॥
द्यौताले पनि सृष्टिका विषयमा हेर्चाह गर्ने अरे ।
सारा देव मिलेर छल्फल गरी यौटा त दिङ्ला झरे ॥

॥१॥

अत्याचार वढेर मानिस महाँ औतार भै गो अरे ।
जन्मे वाल गरीब गर्भ टुहुरा सुन्दा अचम्मै छ रे ॥
हैनन् सुख्ख र दूःख केहि गुरुका उद्धारको खातिर ।
काँशी जानु भएछ शक्ति सँग ली पाल्नू भयो आखिर ॥

॥२॥

अष्टै शिद्धि र नौ निधी अनि अरू के के गुरुमा छ रे ।
लीला श्री गुरुका सवै जनहरू देखेर छक्कै परे ॥
हैनन् मानिस ता षडानन गुरू द्यौतै रहेछन् भनी ।
गर्थे दर्शन भन्दथे सब अनी आशिष् मलाई पनीं ॥

॥३॥

पाए आशिष पग्लिए मइन भैं ढुङ्गा सरीका पनी ।
जे जे भन्नु भयो हवस् गुरुजि लौ भन्ने भएछन् अनी ॥
इच्छा यै गुरुको रहेछ अब ता पूरा हुने भै गयो ।
शिक्षा को अनि दीप झल्मल भयो निस्पट्टता गै गयो ॥

॥४॥

दिङ्लामाथि दया गरेर गुरुले जम्मै असम्भव् जती ।
के के गर्नु भएछ हेर गुरुले जग्गा कती हो कती !! ॥
जग्गा मालिक धेर भैकन यहाँ सम्पूर्ण लोभी थिए ।
लोभीलाइ दुवै गुरू नजरले दानी गराई दिए ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्याएँ दान गुरू ! भनी खुरु खुरू जग्गा दिए वेसरी ।
"सीताराम गुठी" भयो वुझ्नु है, भन्नू भयो एसरी ॥
पाठ्शाला, मठ, मन्दिरादि र अरू पण्डित्, पुजारीहरू ।
चल्ने यै गुठ हो, गुठी गठनमा धेरै कुरा छन् अरू ॥

॥६॥

सुन्दै चस्स हुने विधान वनियो लोभी र पापी महाँ ।
ठूलै दण्ड हुनेछ भन्दिनु भयो उम्केर जाला कहाँ ?॥
यस्तै भाव लुकीरहेछ गुरुको निर्देशिकामा सब ।
सच्चा कर्म भएन लौ यदि यहाँ नर्कै परीयो अब ॥

॥७॥

यस्तै छल्फल भो उसै वखतमा राम्रा त मान्छे पनी ।
छानीएर रहे गुठी गठनमा आफैं षडानन् अनी ॥
बन्नू भो गुठनाथ श्री गुरुजिता अध्यक्षमाथी अरे ।
हेर्दै गर्नु विधान श्री गुरुजिले भन्दा समर्थन् गरे ॥

॥८॥

जस्तो जे छ विधान सोहि विधिले गर्ने गरेमा अनी ।
ठूलै धर्म हुने त भन्दिनु भयो कारण् यही हो भनी ॥
दिङ्लाकै गहना वुझेर गुठको गर्नू सुरक्षा सब ।
होला तीर्थ अनी पवित्र सबको दिंला महाँ गौरब ॥

॥९॥

भन्दै जानुभयो अरे गुरुजि ता फिर्दै नफिर्ने गरी ।
छैनन् त्यस्पछि गूठका कति कुरा कस्ले गरो मन्परी ?।
जस्ले गर्छ सुटुक्क केहि नभनी सल्लाहले फेर् अनी ।
हेर्नू है गुरु जी ! दिवाकर सँगै के के गरेछन् भनी ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु-वाल महिमा

अब तिमि तल जाऊ, सूर्य जस्तै बनेर ।
सपुत भइ उदाऊ, धर्तिमाता भनेर ॥
छलफल गरि दिङ्ला, माथि राखी विवेक ।
अनि सुर , मुनि आए, श्री षडानन्द एक ॥

॥१॥

खडु अनि गडिगाऊँ, मावलीमा उदाए ।
धनि कुल नहुनाले, खानमा दूख पाए ॥
अनि किन कुल रोजे, दूखिया जो छ यौटा ?।
असल कृति गरेमा, दूखि नै हुन्छ द्यौता ॥

॥२॥

धनपतिनि त कस्ती, छेड हान्ने सिपालू ।
दमिनि दिदि भईछन्, दीनमाथी दयालू ॥
किन किन जननीको, दूध आएन वन्दै ।
तर दमिनि दिदीको, दूध पाए नभन्दै ॥

॥३॥

धनिकुल अरुमाथी, हुन्न कल्याणकारी ।
दमन गरि भरेको, हुन्छ उस्को भकारी ॥
यसकन गुरुजीले, दोषि खाना नखाई ।
अतिशय दुख पाए, लक्ष्यमा पुग्नलाई ॥

॥४॥

जनक किन खसे हुन्,? वावुको मोहजाल ।
रहित हुन थियो यो, दैवको गोटिचाल ॥
अलिअलि गरि हुर्के, पढ्न ती जानलाई ।
धन लिइकन जाने, छैन उन्को कमाई ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वचपन विचराको, वर्ष आठै गएछ ।
उपनयन त उन्को,तेहि वेला भएछ ॥
जुन वखत गुरूले, देश अन्तर् सुनाए ।
अनि पछि षडुलाई, दूर गै फिर्नलाए ॥

॥६॥

मनमन षडु इच्छा, दूर जाने भएछ ।
थप अरु दुइ बर्षे, दाउ हेर्दै गएछ ॥
पढ गइकन भन्ने, दर्जिको अर्ति पाए ।
नभनिकन सुटुक्कै, पढ्न जाने चिताए ॥

॥७॥

सरमतिर छहारी, टोपिको मात्र घेरो ।
खिशि गरिकन भन्थे, खै त हौ वावु तेरो ?॥
नर पशु जति यस्तै, छेड हान्दा रहेछन् ।
अनि षडु गडिगाऊँ, छाडि अन्तै गएछन् ॥

॥८॥

उस वखत थियो रे, रातको अन्धकार ।
गरिकन जननीको, नींद राम्रो विचार ॥
निडर भई सुटुक्कै, धुर्ब जस्तै वनेर ।
षडु पनि अब लागे, पढ्नु पर्ला भनेर ॥

॥९॥

दिदिघरतिर वाटै, जान इच्छा गरेर ।
मनुजमुनि चले ती, दैव कै भर् परेर ॥
षडु गति सहयोगी, चन्द्रमा हैन तारा ।
गगन भर उदाए, वालकैका सहारा ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिदि घर कुन जिल्ला,? नाउँ दिक्तेल भन्थे ।
धिमिरिनि दिदिलाई, दिब्यलोमा कहन्थे ॥
षडु गति उसवेला, खै कसोरी भएछ ?।
गइकन पुगिहेर्दा, गाऊँ त्यै पो रहेछ !!
॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिदिघरमा षडानन

दिङ्लाबाट दिदी भिनाजु मनमा सम्झेर एक्लै गए ।
आफ्नी ठुल्दिदिको घरै रछ वहाँ सिम्पानि पुग्दा भए ॥
हेर्दा धेर ति गाउँका घरहरु कुन् हो दिदिको? भनी ।
देखे आँगनमा भिनाजु षडुले, फुत्तै पुगे ती अनी ॥

॥१॥

भेटे झट्ट दिदी भिनाजु अब ता सम्झेर पाऊ परे ।
मेरो भाइ भनेर हात कलिलो पक्रेर माया गरे ॥
कल्पी कल्पि दिदीभिनाजु क्रमले मन्मा भएको जती ।
सोधे भाइ समक्ष उत्तर भयो गन्थन् कती हो कती ॥

.....॥२॥ .....

दिदिघर षडु आए, भाइले स्नेह पाए ।
गह भरिकन हेर्दै, भाइले विन्ति लाए ॥
"वचपन जननीमा वाललीला विताई ।
दिदि भनिकन आएँ, हीत आफ्नै चिताई "॥

॥३॥

किनकि म त दिदीकै, भाइ आफ्नै भएर ।
"समय अलि धकेली , पढ्नु पर्ला गएर" ॥
मनमन षडु वोले , गुह्य आफ्नो नखोली ।
मुख परिकन वोल्थे , मन्द मुस्कान वोली ॥

॥४॥

नयन अलि उघारी, वोलीमा चाल मारी ।
मन मगज विचारी, वोल्दथे छक्क पारी ॥
वरपर दिदिवैनी, गाउँका दाजुभाई ।
षडु गजव छ भन्थे, सभ्यता मन्-पराई ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अति असल विरूवा, पात चिल्लो भएर ।
पछि तरु अति ठूलो, हुन्छ बढ्दै गएर ॥
असल छ षडु यस्तै, वाल वाला भरीको ।
मन परिकन भन्थे, पात चिल्लै सरीको ॥

॥६॥

बय सम रछ मामा, एक भाञ्जा उनैको ।
मन मिसि चलि खेल्छन्, छैन यस्तो कुनैको ॥
कति बय ति भएका,? बर्ष त्यै चौध, पन्ध्र ।
षडु बय सम मामा, नाम खै रामचन्द्र ?॥

॥७॥

दिदिघर क, ख मात्रा, एत्ति जान्ने भएर ।
समय अरु बिताए, गाइ हेर्नै गएर ॥
अरु कति कति पढ्थे, पाठशाला थिएन ।
हुकुम छ डरमर्दो, पढ्न धेरै दिएन ॥

॥८॥

जनकपुर कता हो,? पढ्न पाइन्छ भन्थे ।
अब कसरि म जाऊँ,? मन्मनै खूब गम्थे ॥
मुलुक भर अशिक्षा, माथि शिक्षा जगाऊँ ।
पढि, गुनि, अनि दिङ्ला, झट्ट कैले म जाऊँ ॥

॥९॥

दिदिघर षडु वस्दा, वर्ष पाँचै गएछन् ।
खुशि भइकन बीहे, गर्दिने पो भएछन् ॥
लिइकन घर जाओस्, भाइ कान्छो बुहारी ।
यसरि दिदि भिनाजू वोल्दथे, चालमारी ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असल छ भनि केटी, थाह पाई गएछन् ।
सहजसित भिनाजू, साँझ पुग्दा भएछन् ॥
छल गरिकन मागे, पुत्र आफ्नै गराए ।
शुभ लगन जुराए, ठिक्क पारेर आए ॥

॥११॥

"षडु त सुर गणैका, जो थिए एक द्यौता ।
पछि तल ति उदाए, श्री षडानन्द यौटा ॥
षडु तल सुरमाथी, जो थिए साथि साथी ।
मनुज मन चलाए, दैवले एक माथी ॥

॥१२॥

अब त षडु विधीले, भाँजि हाल्ने भएछ ।
अपर त मनुवाको, भित्र मन्मै गएछ ॥
अनि भनु भनु गर्दै, केटिका वावुलाई ।
गइकन त सुटुक्कै, कान पारो सुनाई ॥

॥१३॥

जब यसरि खुलेको, भेद सुन्दा हकारी ।
अतिशय गरि निन्दा, थुक्क थूको खकारी ॥
छल गरिकन छोरी, माग्न पाइन्न भाई ।
अब त म किन दिन्थे,? भन्दिनू तेसलाई ॥

.....॥१४॥ .....

छलैको जालैमा मन मछलि उम्केछ यसरी ।
परे छक्कै जम्मै अनि षडु त झन् कुन्नि कसरी ?।
विहे त्यागी लागे जनकपुर विद्या मन धरी ।
फगत् लागे साथी सुर उपर माथी भरपरी ॥

॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्रा

थियो भन्थे राम्रो जनकपुर ता स्वर्ग सरिको ।
उतै लागे इच्छा मनमन छ विद्या पगरिको ॥
अशिक्षा माथीको विजय पथ ताकेर यसरी ।
चले यौटा यात्री कठिन पथ पर्वाह नगरी ॥

॥१॥

पुगे चौंरी गोठ्मा शिखर तल माथी गरिगरी ।
सुते राती जाडो सिउसिउ भयो कुन्नि कसरी ?।
झकाए त्यै वेला खुकुरि सपनीमा शिव हरे ।
दिए श्री राम् आई विउँझिकन हेर्दा रछ अरे ॥

॥२॥

दया हो श्री राम्को कठिन पथमा दीन हितको ।
थियो राती वल्ने खुकुरि पनि दापै सहितको ॥
चिताएको पुग्ने खुकुरि षडुलाई सपनिमा ।
दिएको श्री राम्ले लिइकन गए ती विपनिमा ॥

॥३॥

अहो ! रामौतारी ! "नरजुनि दुखी हो " मनमन ।
वुझी यौटा यात्री कठिन पथमा गो भनिकन ॥
भयो यात्री रक्षा खुकुरि षडुलाई दिइकन ।
गए राम् राम् भन्दै नरजुनि सपारू भनिकन ॥

॥४॥

नदेखाँऊँ यस्तो खुकुरी अरुलाई भनिकन ।
लिई झोली भित्रै अहर निशि चल्थे दिनदिन ॥
यसै गर्दा गर्दै कठिन गति विर्सी रहरमा ।
पुगे इच्छाएको जनकपुर ठूलो शहरमा ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनकपुरमा

कस्तो होला जनकपुर ता ? मन्मनै गम् लिएर ।
जाँदा जाँदै अब त मनमा झल्कियो देखिएर ॥
बल्थे वत्ती शहर भरमा झल्मलाएर राती ।
लामा गोला घर सडकमा बल्दथे भाँतिभाँती ॥

॥१॥

यौटा यात्री जनकपुरमा पुग्दछन् साँझ पर्दा ।
माहाँ जन्कै अतिथि वनिए दैवले दृष्टि गर्दा ॥
भोली पल्टै अतिथि अब ता जान्छु भन्दा रहेछन् ।
हेर्दै हेर्दै गुरु कुलतिरै जानलाग्दा भएछन् ॥

॥२॥

होचो ठाऊँ उपर पथमा पूल पक्का तयारी ।
देखे धेरै गनि नसकिने खूब चल्थे सवारी ॥
हेर्दै जाँदा मन ट हलिने फूलवारी वगैंचा ।
वाग्वानीको पथ चउरमा देखिएछन् फलैंचा ॥

॥३॥

अर्को शोभा दुइतिर ठुला तालमा भाँतिभाँती ।
देखे राम्रा जल कमलका फूल ती पानि माथी ॥
हेर्दै हेर्दै गुरुकुल पुगे धर्मशाला पछाडी ।
सोधे नाऊँ"षडु,, भनि दिए सामु पर्दै अगाडी ॥

॥४॥

थाहा पाए अनि अरु सवै हेर्न कै लागी आए ।
एकै ठाउँ षडु नजरमा दृष्टि जम्मै मिलाए ॥
फेरी सोधे गुरु अघिसरी धीर गम्भीरताले ।
वोले मीठो गरि षडु अनि सुन्नलागे मजाले ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोधे जत्ति सुनिसकि सवै उत्तरैमा मिलाए ।
विद्यार्थीको असल विरुवा वल्ल पो चालपाए ॥
माया गर्दा "षडु,षडु,, भने वालकै देखि पैले ।
लेखे नाऊँ गुरुकुलमहाँ श्री "षडानन्द,, ऐले ॥

॥६॥

औतारीको अलिकति पनी चालनै पाइदैन ।
पढ्दा सुन्दै अवगत हुने, पुस्तकै चाहिदैन ॥
"हाम्रा राजा जनक, पहिलो पृष्ठ मै देखिएको ।
पाए यस्तो नपढि नहुने पुस्तकै लेखिएको ॥

॥७॥

पैले हाम्रो शहर मिथिला राज्यको राजधानी ।
राजा राम्रा शिरध्वज थिए, वावुकै आनिवानी ॥
गर्थे माया मुलुक भरमा वाबु जस्तै बनेर ।
भन्थे उन्कै सकल जनता वाबुजस्तै भनेर ॥

॥८॥

ज्ञानी ध्यानी ऋषिमुनिहरू देशभित्रै रहेछन् ।
राजा भेट्ने मन गरि सवै राजधानी गएछन् ॥
राजा उस्तै ऋषिमुनिहरू जत्तिकै ध्यान गर्थे ।
कस्ता कस्ता मुनिहरू पनी देखदै छक्क पर्थे ॥

॥९॥

योगी राजा भुवन भरका एक मात्रै रहेछन् ।
राजालाई ऋषिहरु मिली नाउँ राख्दा भएछन् ॥
यौटा नाऊँ जनक ऋषि भो नाउँ फेरी दिलाए ।
वावू जस्तै भुवन पतिको श्री जनक् नै मिलाए ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै के के उस वखतका पाठ पर्दा रहेछन् ।
पढ्दा पढ्दै प्रथम तहले पास गर्दा भएछन् ॥
रामायण् ता गुरुकुलमहाँ पढ्नु पर्ने छ फेरी ।
साथी पढ्थे षडु सुनि सुनी ज्ञान गर्थे नहेरी ॥
.....॥११॥ .....

थाहा भो षडुलाइ राम वन गै मारीदिए सुन्मृग ।
सीताजी हरिइन्, जटायु मरिगो, राजा भए सुग्रिव ॥
वाली मोक्षभयो र सागर परी, लङ्का भयो दाहन ।
मारे रावण कुम्भकर्ण पछि ता यस्तै छ रामायण ॥
॥१२॥

लीला रामजिका पढेर षडुमा के के गरे रामले ?।
जम्मै ज्ञान भएछ कीर्ति रहने आफ्नै ठुला कामले ॥
रूद्री, चण्डि र वेद मन्त्र पढ्दा आवाज आनन्दले ।
सुन्दै कण्ठ गरे गुरू कुलमहाँ वाला षडानन्दले ॥
॥१३॥

लिन्थे पाठ अनी वुझाउनु परे सुन्थे गुरू कानले ।
पाँचै बर्ष वसे जनक्पुरमहाँ विद्यार्थि सम्मानले ॥
धेरै पढ्नु हुदैन यो मुलुकमा श्री तिन्हरू कै जति ।
हाम्रै जत्ति हुँदैन पढ्नु अरुले भन्थे प्रजाका पती ॥
.....॥१४॥ .....

षडु मन अब काशी जाउँ जाऊँ भएछ ।
गुरुसित गइ भन्दा स्वीकृती भै गएछ ॥
अरु जति सहपाठी ताहिं वस्ने भएछन् ।
अलिक परपुऱ्याई साथि फर्की गएछन् ॥
॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशी यात्रा

रुद्री , चण्डी गुरुकुल महाँ वेद सक्ता भएछन् ।
शिक्षा जम्मा जनकपुरमा यत्ति मात्रै रहेछन् ॥
बाँकी पढ्ने विषयहरुमा सम्झिए छन् क्रमैले ।
लागे काशी तिर भइ विदा श्री षडानन्द ऐले ॥

॥१॥

हिन्दू जाती अधिक रहने देश भन्थे सबैले ।
ठूला ठूला शहरहरुमा रेल चल्थे क्रमैले ॥
काशी ताकी पवन गतिले रेलगो छक्छकाई ।
हेर्दा हेर्दै षडु अब चले रेलमाथी रमाई ॥

॥२॥

भन्थे मीठो जनकपुरमै हिन्दि भाषा रहेछ ।
इच्छा गर्दा मन मगजमा भित्र पस्तो भएछ ॥
काशी जाने अरुसित षडू वात मार्दा भएछन् ।
वोल्थे हिन्दी षडु त सजिलै वोल्न जान्दा रहेछन् ॥

॥३॥

ठूला ठूला शहरहरुमा रेलगाडी पसेर ।
पर्खि वस्दा षडु रजनिमा सम्झिदा हुन् वसेर ॥
छाया हेर्दा जकसनमहाँ रातमा छैंनकाहीं ।
ठूला वत्ती कति चहकिला ! देखिने जाहिं ताहीं ॥

॥४॥

चल्थ्थे फेरी समय सकिंदा रेल मान्छे लिएर ।
आफ्ना आफ्ना मन मगजले भावना-सम्झिएर ॥
वोल्थे पालो गरिकन अनी रेल चल्दैरहेको ।
खोली हेर्थे अलिकती सिशा बाहिरी जो भएको ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्री हेर्थे षडुतिर अरू फेरी उन्का नयनले ।
हेर्दा हेर्दै अपरिचित मै वात मार्थे चयन्ले ॥
जो जो वोल्थे षडुसित सबै जाति गर्दा रहेछन् ।
काशी रेल्मा षडु त सजिलै आइपुग्दा भएछन् ॥

.....॥६॥ .....

खुरु खुरु षडु काशी पढ्नलाइ गएका ।
पढिकन पछि दिङ्ला फिर्न इच्छा भएका ॥
पद पनि अव चाले, पैदलै मन् पराई ।
वरपर पुर हेर्दै लक्ष्यमा पुग्नलाई ॥

॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशी शहरमा

थियो सामू हेर्दा सडक पथ पक्का सबतिर ।
नभै खाली ठाऊँ, घर उपर जम्मै नभतिर ॥
वढेका देखिन्थे, उस वखत काशी शहरमा ।
हिंडे हेर्दै हेर्दै षडु त अब आफ्नै रहरमा ॥

॥१॥

थिए चल्ने फिर्ने पथिक पथमा गन्ति नगरी ।
हिंडे यौटा यात्री अपरिचित ठूलो छ नगरी ॥
कती रिक्सा, वग्गी , अरु अरु सवारीहरु थिए ।
थिए हेर्दा के के मनमन लँगालीकन लिए ॥

॥२॥

पसे साना गल्ली घर पसल पन्था दुइतिरै ।
घरी हेर्थे माथी घरिघरि त हेर्थे भुइँतिरै ॥
कतै देखे फेरी जमिन मुनि माथी घरहरू ।
अझै हेर्दै जाने गतिरछ अगाडी अझअरू ॥

॥३॥

थिए अग्ला अग्ला महल वनिएका जव अनी ।
उभो हेर्दा टोपी पनि त भुइँमा खस्छकि भनि ॥
समालेकै ठाऊँ षडु विधि अगाडी सरि दियो ।
जहाँ गङ्गाजीको निकट तटमा आश्रम थियो ॥

॥४॥

मुमूक्षू आश्रमता अतिरछ ठुलो त्यो शहरमा ।
पुगे सोही ठाऊँ षडु त अरु पढ्ने रहरमा ॥
खुलेको गेटैमा खुरुखुरु गएछन् षडु जब ।
थियो नेपालीको शिर उपर टोपी पनि अब ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुगे ती सामुन्ने गुरु निकट आफैं शिवहरे ।
चिने टोपी हेर्दै अनि त गुरुले सोधनि गरे ॥
"वताओ क्यों आए ?,, भनिकन दयालू मन गरी ।
गुरूजीले सोधे पछि त षडु भन्थे अघिसरी ॥

॥६॥

बताए हिन्दीमा गुरुसित सबै उत्तर दिंदा ।
मिठो मानी सुन्थे, गुरु वसिबसी उत्तर लिंदा ॥
पढेको के के हो जनकपुर वस्ता ? मुख परी ।
वुझाएको सुन्दा गुरु खुशि भए लौ छकपरी ॥

॥७॥

सवैले मानेका गुरु अति ठुला शीर सरिका ।
थिए मग्नीराम् ता गुण उपर विद्या पगरिका ॥
ठुला यी माहात्मा अनि महत योगी पनि थिए ?।
यिनै स्वामीले नै षडु उपर माया गरिदिए ॥

॥८॥

थपे धेरै चेला उपर षडु यौटा जब अनी ।
अरु चेला छेऊ षडु लिइ गए ती गुरु पनी ॥
"तुमारा ही साथी,, भनि षडु प्रशंसा गरिदिए ।
चिनाए लौ फेरी गुरु अरु सवै जो जति थिए ॥

॥९॥

फुकाले त्यो टोपी, चरणतिर चप्पल् धरिदिए ।
दिए धोती कुर्ता अरु सरह जम्मै पहिरिए ॥
थिए नौला चेला तर गुरु हितैषी किन थिए ।
थिए साथै उन्का षडु विधि अगाडी सरिदिए ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुमुक्षु आश्रम

सवै भित्रै विद्यालय रछ ठुलो कोठरिहरु ।
भजन्को वाङ्गला अतिथि जन वस्ने अझ अरू ॥
घरै घर्ले ढाकीकन वरिपरी बीच बिचमा ।
सजाएका मूर्ती गजव रछ पन्था जगिचमा ॥
॥१॥

मुमुक्षू आश्रम्का घर अरु त सीमा लिइकन ।
वनाएका पक्का वरिपरि त गारो दिइकन ॥
सडक् छेऊ ढोका रछ अति ठुलो गेट भइगो ।
मुमुक्षू आश्रम्को सबतिर ठुलो नाम रहिगो ॥
॥२॥

थियो ठूलो मन्दिर् भवन विच विद्यालय सम ।
मिलेको देखिन्थ्यो छत उपर हेर्दा गइकन ॥
मुमुक्षू आश्रम्मा महत अनुशासन् पनि थियो ।
थियो गर्ने अर्कै षडु उपर राम्रै गरिदियो ॥
॥३॥

पढेको वेदैमा अब सुरु भयो अर्थ सहित ।
पढाएको सुन्थे मनमन त गुन्थे परहित ॥
गरो जस्ले उस्का सुरगण त साथी अमरमा ।
भएको देखिन्थ्यो पढिकन पुरा वेद भरमा ॥
॥४॥

थियो शान्ती शान्ती भुवन भर अर्ती कतिकती ।
पढाएको सुन्थे रति भर नछोडी अलिकती ॥
पढेका मान्छेले पर उपर गर्दैन अहित ।
वुझे पढ्दा पढ्दै जुनिभर त गर्नू परहित ॥
॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए वेद ज्ञानी षडु त अरू पढ्ने मन भयो ।
थिए पढ्ने धेरै विषयतिर उन्को मन गयो ॥
घरी ब्याकर्णै ता घरि घरि त साहित्य अनि ता ।
पढे ज्योतिष् जम्मै चतुर निति विज्ञान पनि ता ॥

॥६॥

गुरू हुन्थे आशन् उपर अनि पालो गरिगरी ।
वजेको घण्टीमा गइकन त पढ्थे अघिसरी ॥
अरू जस्ता हैनन् षडु त गुरु भक्तै पनि थिए ।
सबै एकै चोटी विषय जति जम्मै पढि दिए ॥

॥७॥

मुमुक्षू आश्रम्मा अरु उपर छैनन् षडुसरी ।
फुले रङ्गीचङ्गी सुमन सरि विद्या मन भरी ॥
गुरू मग्नी बाबा षडु उपर गद्गद् भइजब ।
भने आश्रम् जिम्मा लिइकन चलाऊ तिमि अब ॥

.....॥८॥ .....

गुरुमन वुझि फेरी श्री षडानन्द बोले ।
नदिनु गुरु मलाई भावको वात खोले ॥
गुरुजिसित छ वाँकी योग सिक्ने क्रमैले ।
अनिपछि गइ दिङ्ला गर्नु धेरै छ मैले ॥

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनवेलादेखि-इनवेलासम्म

जब षडुमन गै गो देशको ठाउँ ठाऊँ ।
पुगि सबतिर आफैं, दृष्टि सारा लगाऊँ ॥
अनि गुरुसित सोधे, सम्मती साथ पाए ।
पढि सकिकन भारत्, एक फन्को लगाए ॥

.....॥१॥ .....

यहाँ राजा भरत पहिले शक्तिशाली भएछन् ।
हिन्दू माथी सुख शयलको राज्य गर्दा रहेछन् ॥
प्यारा राजा भरत रहँदा देश भारत् भएछ ।
भन्ने पक्का षडु मन महाँ छापलागी गएछ ॥

॥२॥

राजा छैनन् भरत अहिले देश भारत् अझै छ ।
खै के भो रे मुलुक इतिहास् हेर्नु जम्मै छदैछ ॥
अग्रेजीले जुन वखतमा देशमा हात हाले ।
भारत्लाई पछि त उनले इण्डिया भन्न थाले ॥

॥३॥

छाहारी ता जन उपरमा उत्तिकै हो भएको ।
सत्ताचाहीं पर अधिनमा फुत्त लौ गै गएको ॥
पर्देशीको अधिन रछ यो देशमा फैलिएको ।
थाहा पाए पर अधिनले सँस्कृती वैलिएको ॥

॥४॥

भारत्लाई विकसित गरो दूरको देश आई ।
हिन्दूमाथी थुमथुम्गारी राज्य गर्थ्यो रमाई ॥
शिक्षा दीक्षा सवतिर थियो अन्ध मन्को दियालो ।
हिन्दू ठान्थे मुलुक अब यो प्राण भन्दा पियारो ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रैतीलाई षडु मुलुकमा पढ्लाई दिएन ।
कालो पर्दा जन उपरमा इण्डियामा थिएन ॥
सत्ता मात्रै कुन किसिमले हात पारेछ पैले ।
शिक्षा जम्मै मनखुस थियो पढ्न पाए सवैले ॥

॥६॥

ठूलै मान्छे सित पनि पुगे भेट गर्ने भनेर ।
भारत् जम्मै सबतिर घुमे ब्रह्मचारी वनेर ॥
आफ्नै जस्तो उसवखतको देश यो हैन उस्तै ।
एस्तो जम्मै षडु मनमहाँ छापलागो दुरुस्तै ॥

॥७॥

हिन्दू सत्ता उपर कसरी हात हालेछ भन्दै ?।
खोजी गर्थे सपुत जनता चालपाए नभन्दै ॥
नेपालीको पनि मुलुकमा भेल उर्लेर आयो ।
पालै शान्ती पर अधिनले वल्ल पो चाल पायो ॥

.....॥८॥ .....

पर अधिन दुवै लौ देशमा हेर कस्तो ?।
तर पछि त छुटेछन् सङ्संगै हो कि जस्तो ॥
जनवल पछि आयो मुक्ति पाए सबैले ।
पर अधिन दुवै यी देशमा छैन ऐले ॥

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐले काशी शहर पहिले

पैले वन्मा ऋषिमुनि छँदा नाउँ बन्कै रहेछ ।
आनन्दै भो मन बन अनी कानुनै भै गएछ ॥
ऐले काशी शहर पहिले कानुनै पो रहेछ ।
यै हो ठाऊँ कठिन तपले मुक्ति मिन्दो भएछ ॥

॥१॥

मुक्ती चाहे तप गरि मुमुक्षू भयो नाउँ पैले ।
आश्रम सानो रछ अघि पछी वढ्न थालो क्रमैले ॥
मुक्ती मिल्दा असि ऋषि गए घाट् असी भै गएछ ।
भन्थे गंगा निकट तटमा ठाउँ यै पो रहेछ ॥

॥२॥

ऐले काशी शहर छ ठुलो जाङ्गली रूख छैन ।
खै के भन्नू ? अघिबन थियो कोहि पत्याउँदैन ॥
काशी वासी शिव अघि रछन् विश्वकै नाथ यौटा ।
ऐले सम्मन् शिव सदर छन् काशिका मुख्य द्यौता ॥

॥३॥

काशी कत्रो ? घुमिकन सबै भन्न गाह्रो भएछ ।
काशी हेर्दा छत उपर गै हेर्नु कत्रो रहेछ ॥
गंगाजीको शहरभर तट्बन्धनैहेर कस्तो ?।
जम्मै पक्का वनवटि कडा पत्थरै हो कि जस्तो ॥

॥४॥

काशी कस्तो ? वसिकन त सत् योजनै दूर ऐले ।
गङ्गे काशी ! भनिकन सधैं स्नान गर्छन् सबैले ॥
काशी ! भन्दा पनि सकल पाप् हुन्छ भन्छन् खरानी ।
काशी ठूलो रछ भुवनमा धर्म कै राजधानी ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्रद्धाञ्जली

अब त गुरु ! तपाईं भन्नु पर्ने भएछ ।
किनकी अरु प्रतिष्ठा मान बढ्दै गएछ ॥
तर "षढु "तषडानन् ! भन्छु है ठाउँ ठाऊँ ।
जति अघि "तिमि" लेखें त्यो सबै माफ पऊँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगाभ्यास्

काशीको रछ धर्मद्वार गतिलो आश्रम् मुमुक्षू महाँ ।
विद्या आर्जनमा सिपालु हुनु भो हाम्रा षडानन् त्यहाँ ॥
इच्छा योग रहेछ सिक्न षडुले मग्नी गुरुकै जती ।
सिक्ता योग हुदोरहेछ जनमा शक्ती कती हो कती ॥

॥१॥

नेपाली षडुमा छ योग विधिको शक्ती वुझे मग्निले ।
अष्टै शिद्ध महाँ त योग सकिदा पोल्दैन है अग्निले ॥
भन्दै श्री गुरुले वताइ दिनुभो योगादि जम्मै अनी ।
योगाभ्यास महाँ तयार हुनु भो चेला षडानन् पनी ॥

॥२॥

एकान्त स्थलमा वडो रहरमा मग्नी गरू साथमा ।
जम्मै योग त सिक्नलाइ सजिलो ब्यायामले गाथमा ॥
होला लावरकै सरी शरिर ता मग्नी गुरूले जब ।
भन्दै श्री षडुलाइ योग "यसरी " गर्दै सिकाए अब ॥

॥३॥

देखाए गुरुले त आशन सबै आफैं अघाडी सरी ।
फेदै देखि भएछ ज्ञान षडुमा एकाग्र मनले गरि ॥
योगाभ्यास सुरु भएछ यसरी अत्यन्त आनन्दले ।
पूरा गर्नु भएछ योगहरु ता जम्मै षडानन्दले ॥

॥४॥

शक्तीका पथमाथि आशन गरी योगादि शिद्धै भए ।
शक्ती पाउनलाइ छैन सजिलो एक्लै वनैमा गए ॥
होला किन्तु समाधिका नियमले शक्ती मनैमा धरी ।
गर्दा ध्यान शरण् परेर रहला शक्ती अगाडी सरी ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ती जो शरणै परेर रहँदा मन्मा भएको जती ।
इच्छा माफिक हुन्छ यो जगतमा धेरै वताऊँ कती ?॥
आफ्ना श्री षडुलाइ देव कुन हुन् ? आएर भन्दा भए ।
अष्टै शिद्ध गरेर आउ, वनमा जाऊ भनी गै गए ॥

॥६॥

फेरी झल्किन गै गएछ सपना द्यौता अगाडी सरे ।
शक्ती मार्ग समाउ जाउ सजिलै होला भनेछन् अरे ॥
निद्रा हैन तथापि स्वप्न सरि भो योगाशनै माथि ..ए !!
एस्ता श्री षडुलाइ देवहरुले वन्मा पठाई दिए ॥

॥७॥

अघि जसरि गएथे वुद्ध ताकेर वन्मा ।
सफल पनि भएछन् शान्ति पाएर मन्मा ॥
ध्रुव पनि त सुटुक्कै जङ्गलैमा गएछन् ।
तप गरिकन राजा धुर्ब तारा भएछन् ॥

॥८॥

उन उपर षडूको ध्यान लौ गै गएछ ।
षडु पनि त वनैमा जानुपर्ने भएछ ॥
गुरुसित गइकेही भन्नु भो रे खुसुक्क ।
फगत अनि वनैमा जानु भो रे लुसुक्क ॥

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगाभ्यास्

काशीको रछ धर्मद्वार गतिलो आश्रम् मुमुक्षू महाँ ।
विद्या आर्जनमा सिपालु हुनु भो हाम्रा षडानन् त्यहाँ ॥
इच्छा योग रहेछ सिक्न षडुले मग्नी गुरुकै जती ।
सिक्ता योग हुदोरहेछ जनमा शक्ती कती हो कती ॥

॥१॥

नेपाली षडुमा छ योग विधिको शक्ती वुझे मग्निले ।
अष्टै शिद्ध महाँ त योग सकिदा पोल्दैन है अग्निले ॥
भन्दै श्री गुरुले वताइ दिनुभो योगादि जम्मै अनी ।
योगाभ्यास महाँ तयार हुनु भो चेला षडानन् पनी ॥

॥२॥

एकान्त स्थलमा वडो रहरमा मग्नी गरू साथमा ।
जम्मै योग त सिक्नलाइ सजिलो ब्यायामले गाथमा ॥
होला लावरकै सरी शरिर ता मग्नी गुरूले जब ।
भन्दै श्री षडुलाइ योग "यसरी " गर्दै सिकाए अब ॥

॥३॥

देखाए गुरुले त आशन सबै आफैं अघाडी सरी ।
फेदै देखि भएछ ज्ञान षडुमा एकाग्र मनले गरि ॥
योगाभ्यास सुरु भएछ यसरी अत्यन्त आनन्दले ।
पूरा गर्नु भएछ योगहरु ता जम्मै षडानन्दले ॥

॥४॥

शक्तीका पथमाथि आशन गरी योगादि शिद्धै भए ।
शक्ती पाउनलाइ छैन सजिलो एक्लै वनैमा गए ॥
होला किन्तु समाधिका नियमले शक्ती मनैमा धरी ।
गर्दा ध्यान शरण् परेर रहला शक्ती अगाडी सरी ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ती जो शरणै परेर रहँदा मन्मा भएको जती ।
इच्छा माफिक हुन्छ यो जगतमा धेरै वताऊँ कती ?॥
आफ्ना श्री षडुलाइ देव कुन हुन् ? आएर भन्दा भए ।
अष्टै शिद्ध गरेर आउ, वनमा जाऊ भनी गै गए ॥

॥६॥

फेरी झल्किन गै गएछ सपना द्यौता अगाडी सरे ।
शक्ती मार्ग समाउ जाउ सजिलै होला भनेछन् अरे ॥
निद्रा हैन तथापि स्वप्न सरि भो योगाशनै माथि ..ए !!
एस्ता श्री षडुलाइ देवहरुले वन्मा पठाई दिए ॥

॥७॥

अघि जसरि गएथे वुद्ध ताकेर वन्मा ।
सफल पनि भएछन् शान्ति पाएर मन्मा ॥
ध्रुव पनि त सुटुक्कै जङ्गलैमा गएछन् ।
तप गरिकन राजा धुर्ब तारा भएछन् ॥

॥८॥

उन उपर षडूको ध्यान लौ गै गएछ ।
षडु पनि त वनैमा जानुपर्ने भएछ ॥
गुरुसित गइकेही भन्नु भो रे खुसुक्क ।
फगत अनि वनैमा जानु भो रे लुसुक्क ॥

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वन-गमन

एकान्त स्थलमा मुमूक्षु नजिकै योगाशनै गर्नु भो ।
शक्ती खातिर जानलाइ वनमा एक्लै अघी सर्नु भो ॥
काशी देखि उता ठुलो वनमहाँ गंगाजि सामू परी ।
वस्नू भो षडुलक्षका पथमहाँ ठूलो समाधी गरी ॥

॥१॥

शक्ती हुन्छ कहाँ ? भनेर अब ता योगादिका दृष्टिले ।
आँखा चिम्म समाधिका नयनले हेर्दा ठुलो वृष्टिले ॥
हाम्रा श्री षडुमाथिको वरुणले मैलो पखाली दिए ।
त्यो वेला षडुका त साथ वनमा देवी र द्यौता थिए ॥

॥२॥

राजा सिंह र सिंहिनी वनमहाँ देवी हुकुम्ले गरी ।
एकैचोटि गएर श्री षडुजिको सामू अघाडी सरी ॥
थर्काए षडुलाइ गर्जन गरी पैले परीक्षा लिए ।
पैचाने पछि सिंह दम्पति दुबै पाले बसेका थिए ॥

॥३॥

आँखा चिम्म छ हेर्नु छैन कहिल्यै शक्ती मनैमा धरी ।
देवीकै रछ ध्यान बर् दिनुभयो देवी अगाडी सरी ॥
अष्टैशिद्धि र नौ निधीहरु सबै इच्छा वमोजिम् भए ।
के के दुख्ख परे समाधि पथमा थाहै नपाई गए ॥

॥४॥

वन् राजा रछ सिंह रे नजिकमा रानी रछे सिंहिनी ।
हेर्दा श्री षडुले दुवै नजरले वाटो तताए अनी ॥
हाम्रा श्री षडुको समाधि सकियो मैना त पाँचैमहाँ ।
कोही पुग्न सकेन हेर वनमा ठाऊँ थियो खै कहाँ ?॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधिबाट मुमुक्षु आश्रम

काशी पर्तिरको ठूलो वनमहाँ योगी षडानन्दले ।
शक्ती पाइसकेर फर्किनु भयो अत्यन्त आनन्दले ॥
आई आश्रम मग्निराम गुरुको छोएर पाऊ परी ।
के के भो वनमा सबै सहनु भो एकान्तमा गै वरी ॥

॥१॥

कल्पै वृक्ष समान श्री षडुजिको इच्छा सुने मग्निले ।
होकी हैन भनेर जाँचिनु भयो पोलेन है अग्निले ॥
थाहा भो षडुबाट नै पछि त यो सुन्ने थिए ती अरू ।
भाषा सर्छ र मर्छ मानिस अनी धेरै कुरा के गरूँ ॥

॥२॥

इच्छा भो अब कामधेनु सरि कै योगी षडानन्दमा ।
घुम्दै आश्रम साथिभाइ सित लौ भेटेर आनन्दमा ॥
के के भन्नु भयो र जङ्गली कुरो के के त मन्मै रह्यो ।
फेरी आश्रमका सबै गुरुमहाँ भेटेर दर्शन् भयो ॥

॥३॥

चेला श्री षडुलाइ मग्नि गुरुले माया असाध्यै गरे ।
नेपाली षडुको वयान अरुले सुन्दा अचम्मै परे ॥
हेर्दा साइत लौ जुरेछ षडुको नेपाल जाने पनी ।
गर्ने त्यो दिन हो विदाइ भनियो लेखेर टाँसे अनी ॥

॥४॥

वाँकी वस्न रहेछ सात दिन ता हाम्रा षडुको जब ।
यौटा यज्ञ गरेर त्यो समयमा मग्नी गुरुले अब ॥
श्री ता एक् सय आठ् जपेर षडुमा टीका लगाई दिए
एक् वित्ता षडुका शिरै उपरमा श्री-श्री सवै देखिए ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घेरा चारकुने परेर वनियो आफैं शिरोपर अरे ।
गन्दा वीचमहाँ त श्रीहरु सबै देखेर छक्कै परे ॥
श्री ता एक्सय आठ् यसै गरि भए भन्ने सुनेको थिएँ ।
श्रद्धालु जनमा प्रशन्न मनले लेखेर थाहा दिएँ ॥

॥६॥

उर्दी गर्न भनेर मग्निगुरु ता आफैं अगाडी सरे ।
नेपाली षडुको विदा वखतमा ठूलै तयारी गरे ॥
माला लाइदिए गला भर अनी वाजा वजाई दिए ।
मङ्गल् गान गरी षडानन सँगै जम्मै हिंडेका थिए ॥

॥७॥

के के भन्नुभयो षडाननजिले सुन्थे अरु कानले ।
आश्रम् गेट उता पुगेर सबले अत्यन्त सम्मानले ॥
योगी श्री षडुको विदा गरि दिए पाल्नू हवस् लौ भनी ।
बग्गीमा अब ता सवार हुनुभो योगी षडानन् पनी ॥

॥८॥

पन्ध्रै बर्ष बिते वनारसमहाँ भन्ने मनैमा थियो ।
वग्गीले अब रेलकै नजिकमा जल्दी पुऱ्याई दियो ॥
इच्छा माफिक हुन्छ जे तर पनि यात्रा गरौंकी भनी ।
आफ्नै देशमहाँ त फर्किनु भयो ठूलै प्रतापी वनी ॥

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशीबाट जनकपुर

लामा दारी शिर उपरको केश लामै रहेछ ।
सफ्फा जम्मै, तिल अलिअली चामले भै गएछ ॥
छोप्ने यौटा असल कपडा लामु केशै भरीको ।
हुन्थ्यो हेर्दा षडु शिर महाँ एक फेटा सरीको ॥
॥१॥

लामा धर्का कतिपय, ललाट् चन्द्रमा अर्ध जस्तो ।
झल्झल् गर्ने नयन दुइले झल्किने रूप कस्तो ॥
हेर्थे जम्मै षडुतिर सवै मन्मनै मन् पराई ।
नौलामान्छे अरु जति थिए रेलमा जानलाई ॥
॥२॥

आयो रेल् ता जनकपुरको छेउमै छक्छकाई ।
इच्छा भो रे षडुमनमहाँ पैदलै जानलाई ॥
जाने ठाऊँ गुरुकुल थियो, श्री षडानन्द पैले ।
जाहाँ प्यारो भई रहनु भो पुग्नु भो फेरि ऐले ॥
॥३॥

को आ्यो लौ गुरु कुलमहाँ व्रह्मचारी वनेर ।
जम्मै लागे षडु तिर सवै हेर्न जाने भनेर ॥
आए कोही गुरु र अधिका कोहि ता साथि आए ।
एक्कै पल् ता षडु नजरमा दृष्टि जम्मै मिलाए ॥
॥४॥

हेर्दा हेर्दै अवगत भयो हर्षका आँशु आई ।
पाए दर्शन् गुरु कुलमहाँ व्रह्मको तेजलाई ॥
राम्रो यौटा अतिथि गृहमा भित्र जम्मै पसेर ।
नौलालाई परिचय दिए सामु आई वसेर ॥
॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही कोही गुरु र अघिका साथिको साथ पाई ।
सम्झी सम्झी गुरुकुलमहाँ वात गर्थे रमाई ॥
छाडी जादा जनकपुर ता पन्ध्र वर्षे भएछन् ।
आइपुग्दा षडुवय सबै पैंतिसै गै गएछन् ॥

॥६॥

वोली मीठो रछ भनि सबै चाखमान्दा भएछन् ।
सुन्दा सुन्दै कठिन मनका परिलदा पो रहेछन् ॥
माहाँ मुर्खे यदि छ तर त्यो श्री षडानन्दलाई ।
ठूलै मान्छे भनिकन खुशी ब्यक्त गर्थ्यो रमाई ॥

॥७॥

विद्या धेरै दिन त नहुने देश यस्तै छ हाम्रो ।
भन्थे यौटा मयुर गजुरे मठ् वनाएर राम्रो ॥
राखौं माहा पुरुष उसमा श्री षडानन्दलाई ।
भन्ने जम्मै खबर गरियो सूचनामा जनाई ।

॥८॥

राखे धेरै धनिजन मिली मठ् वनाएर राम्रो ।
जागो भन्थे नगर भर कै ज्ञानको ज्योति हाम्रो ॥
कैले काहीं प्रवचन हुँदा सुन्न थाले गएर ।
गद् गद् हुन्थे मन खुश भई मुग्ध मोहित् भएर ॥

॥९॥

माहा मानव् जनकपुरमा श्री षडानन्द यौटा ।
मान्छे हुन् ता पनि जनहरू मान्दथे एक द्यौता ॥
के इच्छा हो ? नभनि मनको वात जान्दा रमाई ।
द्यौतै माने गुरुकुलमहाँ श्री षडानन्दलाई ॥

.....॥१०॥ .....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठुला मान्छे जम्मै जनकपुरका मात्र नभई ।
षडानन्को नाऊँ मुलुक भरमा फैलिन गई ॥
अनी आए धेरै कतिपय ठुला मानव धनी ।
गुरो, ब्रह्मा, विष्णो ! भनिकन चढाए धन पनी ॥

॥११॥

षडानन्कै इच्छा रछ र दुनियाँ वैरिन गयो ।
चढाएको पैसा अधिकतम जम्मा पनि भयो ॥
यसै गर्दा गर्दै समय पनि वर्षै दुइ गए ।
वुढा, वृद्धा, वाला, गुरु उपर जम्मै खुशिभए ॥

॥१२॥

पुरै गायत्रीको वश गरिलिने मन्मन धरी ।
कुरो गोप्यै राखी गुरु कुलमहाँ सम्मति गरी ॥
गुरू तीर्थै जाने भनिकन विदाई गरि दिए ।
विदा गर्दा धेरै जनकपुर वासीहरु थिए ॥

॥१३॥

विदाईमा जाँदा षडु अघि पछी छन् सब अनी ।
कुरा गर्दै हिड्थे गुरुसित छिटै फर्किनु भनी ॥
विदा भन्दै फिर्के गुरुतिर त हेर्दै जनहरू ।
तुरुन्तै लौ हेर्दा अलप गुरु खै के भनु अरु ?॥

॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपोवनमा

तपस्या मा जाँदा पवन गतिमा अल्पिनु भयो ।
कुटी राम्रो पारी शिवगण तुरुन्तै चलि गयो ॥
तपोवन् ताकेको नदि र छ तहीं वाग्मति पनी ।
कहन्थे त्यो ठाऊँ जन "वन त डन्डोर" छ भनी ॥

॥१॥

कुटी पानी माथी, तिर तल उचाली कति कतीं ?।
वनाएको पक्का षडुमन नछोडी अलिकती ॥
कतै पानी वढ्दा पनि उपर तैरेर रहने ।
कुटी वारेमा यो अवगत गराएँ अव भने ॥

॥२॥

घटे पानी कैले जमिनतिर आधा कुटि छ यो ।
फु मन्त्रैले गर्दा कुटि पनि तयारै भइगयो ॥
षडानन्को शक्ती अनुपम थियो के भनु सब ?।
थियो गायत्रीको जपविधि त वाँकी भनु अब ॥

॥३॥

तराईको ठाऊँ अविरल नदी टल्पल भरी ।
सफा पानी बग्ने, षडु कुटि महाँ आशन गरी ॥
वसी वक्स्यो राती अतिशय ठुलो ढल्पल भयो ।
थिए ती बन्धौता षडुसित चिनारी भइगयो ॥

॥४॥

जहाँ जान्थे पैले जनहरु नजाने किन भए ?।
सिमारेखा नाघेपछि अलि विरामी परि गए ॥
सिमाना नाघेमा किन किन खरो भैकन अनी
फिरे जाने फेरी उसतिर नजाने अब भनी ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिमा रेखा लागो तर उसमहाँ, डोब नभई ।
पुगी नाघो पैले वन विचमहाँ छट्पट भई ॥
फिरो त्राही त्राही भनिकन दियो सूचन पनि ।
थियो लक्ष्मण् रेखा सरह षडुरेखा फनफनी ॥

॥६॥

नजाने भो कोही उसतरफ एकान्त वनमा ।
भयो इच्छाएको अनुकुल हुदा शान्त मनमा ॥
कुटी भित्रै आशन् रछ र षडु त्यै आशन धरी ।
कहाँ छोड्नू हुन्थ्यो अव त षडु सङ्कल्प नगरी ॥

॥७॥

तपस्याको लागी निशिदिन सुरक्षा नि सब ता ।
गरे वन् द्यौताले षडु तपमहाँ पूर्ण अब ता ॥
तिनै भोको, तिर्खा, निदरि पनि वस्त्रै सरि गरी ।
फुकाली राखेको , तप अवधि सम्मन् हरिहरी !!

॥८॥

गरौं गायत्रीको अधिन अब पूरश्चरणले ।
भनी आँखा चिम्ली उसतरफ़ एकाग्र मनले ॥
गनी चौविस् लाखै पटक जप भो एक् चरणमा ।
परिन् चौविस् पूरश्चरण गरि देवी शरणमा ॥

॥९॥

शरण् पर्दा देवी षडुमन निवासी भइकन ।
भयो देवी वाचा अहर निश मन्मै रहिकन ॥
जहाँ जे वोल्ने हो वचन सव शिद्धै गरिलिने ।
भनिन् गायत्रीले षडु उपर रक्षा गरि दिने ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भरी मन्को झोली षडु नयन झट्टै खुलिगए ।
गनी हेर्दा खेरी समय बरषै दिन् जति भए ॥
विलाए त्यै वेला कुटि र षडु रेखा पनि सब ।
उतै पाल्नू भो रे जनकपुर ताकी षडु अब ॥
॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनश्च जनकपुर

खै कुन्नी कसरी षडानन जि ता फेरी गुरू कुल् महाँ ।
देखा पर्नु भएछ मानिस अनी भेला भएछन् त्यहाँ ॥
आइपुग्नु भयो गुरू अब त लौ भन्दै अगाडी सरे ।
जम्मै भक्त थिए षडाननजिका पक्रेर पाऊ परे ॥

॥१॥

पैलो भेट पछी मयूर गजुरे मठ् खोलि भित्रै पसे ।
आफ्नो आशनमा गुरू अनि अरू सामू अगाडी बसे ॥
सोधी खोजि हुँदा सवै गुरुजिले वन्मा भएको जती ।
फल् राखी मनमा सवै कहनु भो धेरै वताऊँ कती ?॥

॥२॥

सुन्दा श्री षडुको वयान पछि ता छक्कै परेछन् सब ।
कस्तो सून्य हुँदोरहेछ गुरु जी काहीं नजानू अब ॥
भन्ने विन्ति सुनी खुशी हुनु भयो अत्यन्त आनन्दले ।
केही भन्नु भएन त्यो समयमा योगी षडानन्दले ॥

॥३॥

दिङ्ला जानु थियो तथास्तु नभनी उद्धारका खातिर ।
यौटा यज्ञ गरौं गुरू कुलमहाँ आज्ञा भयो आखिर ॥
सुन्नासाथ वसेर वैठक अनी सल्लाह राम्रो दिए ।
साङ्गे गर्नु थियो, षडाननजिको प्रस्तावले वाँधिए ॥

॥४॥

साङ्गे गर्नु अघी षडानन गुरू फर्केर काशी तिर ।
आशन् गर्नुभयो जनकपुर महाँ लाएर ठाड़ो शिर ॥
शक्ती पुग्न गएछ मग्नि गुरुमा निम्तो दिना खातिर ।
सम्झे कै दिन मग्निराम गुरु ता आइपुगे आखिर ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शन् भेट भयो दुवै किसिमको चेला गुरूको जब ।
शास्त्रोक्तै विधिले पुरश्चरणको साङ्गे सुरू भो अब ॥
जम्मै कर्म सकेर मग्नि गुरुले टीका लगाई दिए ।
श्रद्धालू जन यज्ञका वरिपरी जो जो बसेका थिए ॥

॥६॥

त्यै वेला षडुलाई मग्नि गुरुले तीलक् लगाए जब ।
आवाल् श्री गुरु ब्रह्माचारि थपियो फेरी शिरोपर् अब ॥
श्री ता एक्सय आठ जो अघि थिए फेरी अरू यी भए ।
देखे अक्षर देखिएन पछि ता अल्पेर ताहीं रहे ॥

॥७॥

आयो भक्त अनी षडाननजिको आफ्ना गुरू खातिर ।
ल्यायो साथ खराउ अर्पण गरी पाऊ परो आखिर ॥
साङ्गे कै दिन जो खराउ पदमा अर्पी दियो त्यो पनी ।
इच्छा हो गुरुकै दियो खुश भई दाता दयालू वनी ॥

॥८॥

लाग्ने खर्च सवै षडानन जिको आफ्नै थियो सम्पती ।
निम्तारू जनवाट वैरिन गयो सर्दम् कती हो कती ॥
ठूलै कर्मगरी पुरश्चरणको साङ्गे षडानन्दले ।
पूरा गर्नुभयो,जनक्पुरमहाँ अत्यन्त आनन्दले ॥

॥९॥

निम्तारू जनता विदा भइगए मग्नी गुरू जी पनी ।
चेला श्री षडुलाइ आशिष दिइ काशी पुगे ती अनी ॥
सम्झेको जति हो जनक्पुरमहाँ पूरा भयो रे सब ।
काठ्माण्डूतिर जानलाइ गुरुको इच्छा भयो रे अब ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF,

थाहा भो अरुलाइ लौ गुरुजिता नेपाल जाने अरे ।
लागे भन्न सबै गुरूकुलमहाँ सल्लाह राम्रै गरे ॥
त्यो बेला रछ काठमाण्डु उसको नेपाल नाऊँ अनी ।
ठूलै स्वागतले विदा हुनुभयो नेपाल जाऊँ भनी ॥
॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पशुपतिमा षडानन

शिव पनि कसरी यो मेदिनी ताकि पैले ।
पशुपति भइ निस्के ? हात जोडेर ऐले ॥
नयन पनि गुरूका चिम्म लौ हेर उस्तै ।
अनि गुरु मनमाहाँ छाप लागो दुरुस्तै ॥

॥१॥

जुन वखत थियो रे जङ्गलै काठमाण्डू ।
उस बखत हिंडेछन् तीर्थ लौ पाँचपाण्डू ॥
पुगिकन शिखरैमा रात ताहीं परेछ ।
अनि तल वन भित्रै ज्योति झल्झल् गरेछ ॥

॥२॥

उपर शिखर बाटै ज्योति ताकी झरेछन् ।
अविरल जल वग्ने वाग्मती जो तरेछन् ॥
पशुपति पनि ताहीं झल्झलाई रहेछन् ।
नम अनि सुरु गर्ने पाँच पाण्डव् भएछन् ॥

॥३॥

दिनकर भर केही देखिदै देखिदैन ।
निसपट रजनीमा ज्योति वाहेक् हुदैन ॥
दुख गरिकन मध्ये रातमा पाँच भाई ।
गइकन पहिचाने पशपती नाथलाई ॥

॥४॥

उस वखत गुवाला जङ्गलैमा पसेछन् ।
पशुपति नजिकैमा गोठ हाली वसेछन् ॥
वन चउर पनी छन् गाइ ती चर्नलाई ।
घुमि फिरिकन चर्थे गाइ सारै रमाई ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अति असल छ लैनू दूध खै के भएछ ?।
भनिकन त गुवालो गाइ साथै गएछ ॥
पशुपति शिर खाली ठाउँमा कैलि गाई ।
पुगिकन त चढाइन् दूध धारा वगाई ॥

॥६॥

छक परिकन मान्छे हेर्न ताहीं गएछ ।
अलिकति खनि हेर्दा मुर्ति मिल्दो भएछ ॥
पशु अघिसरि जाँदा दूध अर्पण् भएको ।
अनि पशुपति नाऊँ त्यै हुनाले रहेको ॥

॥७॥

खुरुखुरु गुरु पैले पश्पती सामु जाई ।
जिउ गरिकन हेर्दा श्री षडानन्दलाई ॥
उपर जति कहेको ज्ञान आफैं भएछ ।
शहर छ अब कस्तो ? घुम्न् वाँकी रहेछ ॥

॥८॥

पशुपति नजिकैमा गुह्यकी इश्वरी छन् ।
भनिकन गुरुजीले चाल पाएर मन्मन् ॥
खुरुखुरु गुरु तेतै जानु भो हेर पैले ।
शहर नजर गर्ने भाव जागो क्रमैले ॥

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुह्येश्वरी

अघि जव शिवजीले मृत् सती देविलाई ।
लिइकन घुमि हिड्दा वाग्मती छेउ आई ॥
पतन पनि भएको गुह्य एही रहेछ ।
भनि "गुरु मन " फेरी टाकुरामा गएछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरा नेपाल गुरु दर्शन

सवतिर अब जम्मै कान्तिपुर् एक फेर ।
नगर नजर भै गो श्री स्वयम्भू पुगेर ॥
कसरि नगर फैल्यो मन्मनै चालपाई ।
अनि गुरु शहरैमा पस्नु भो हेर्नलाई ॥

.....॥१॥.....

गयो दिन्दिन् गर्दै समय अनि मान्छे अलि अली ।
गरी वढ्दै जाँदा बन चउर भै गो ढलिमली ॥
भए राजा पैले मनुजहरुमा जो अघिसरी ।
बसे राजारानी सकल जनता पालन गरी ॥

॥२॥

गयो वढ्दै वढ्दै शहर पथ पक्का अझअरू ।
थपे धेरै मन्दिर नगरभर जम्मै घरहरू ॥
थिए कस्ता कस्ता अनुपम कलाकार पहिले ।
कला आलैजस्ता कति कति छँदैछन् ति अहिले ॥

॥३॥

वनाएकै जस्तो वरिपरि छ पाहाड पगरी ।
विचैको फाँटैमा गजव रछ नेपाल नगरी ॥
भनी राम्रो मानी गुरु-गण-पती त्यो शहरमा ।
पुगीवक्स्यो भन्थे उस वखत आफ्नै रहरमा ॥

॥४॥

ठूलो काठ्को मण्डप् निकट गुरु पुग्दा छक परी ।
झझल्को भै गो रे पछि पछि त नेपाल नगरी ॥
हुने काठ्माण्डूको नगर नमुना मण्डप छ यो ।
वुझी वक्स्यो हेर्दा शहर नतिजा मन्मन रह्यो ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कला मल्लै कालिन् समय अझ पैले पनि थिए ।
थिए हेर्दा के के गुरु मनमहाँ टम्म भरिए ॥
अरु देवी देवालयहरु सवै दर्शन भयो ।
गए हेर्दा हेर्दै दिनकर त रातै परिगयो ॥

॥६॥

वले झल्मल् जम्मै शहरभर वत्तीहरु पनी ।
गुरु सत्सँगैमा पचलि भइरब् गैकन अनी ॥
चिनारी भो ताहीं रहन गुरुमा आग्रह भयो ।
चिताएको जे हो गुरु मनमहाँ त्यै हुन गयो ॥

॥७॥

थिए विद्वान् साधू असल जन सत्सङ्ग भरिका ।
थिएनन् ती कोही पनि गुरु षडानन्द सरिका ॥
गुरु ज्ञान् गङ्गामा मनुजमन मैलो गइकन ।
सुनी साफी गर्थे दिन दिन गुरू कै प्रवचन ॥

॥८॥

पुगो राजा राणा महल तक राम्रो खबर यो ।
झिकाएछन् ताहीं गुरु पनि त जाई दिनुभयो ॥
चिनाजानी यस्तै शहर भर पैचान भइ गो ।
षडानन् माहात्मा भनिकन ठुलो नाम रहि गो ॥

॥९॥

समय जब छ मैन्हा, ताहि वस्तै गएछ ।
गुरु मन अब दिङ्ला जाउँ जाऊँ भएछ ॥
सवसित गुरुजीले भन्नु भो, हेर भाई ।
वचन दिनुभयो रे आउँदै गर्नलाई ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब जुन दिन दिङ्ला जान मन्ले चिताई ।
उसदिन गुरुजी को भै गयो रे विदाई ॥
अनि सब मिलि भन्थे आउँदै गर्नु होला ।
ल ल भनि गुरुजीले भिर्नु भो सानुझोला ॥
॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिङ्ला

श्रृष्टी यो पृथिवी भएछ कहिले ? श्रष्टा त कस्तो थियो ?।
पृथ्वी कै अवतारका वखतमा दिङ्ला सजाई दियो ॥
भन्ने यो अनुमान गर्न सकिने हेर्दा खुला दृष्टिमा ।
दिङ्ला एक रमाइलो ठहरियो संसारको श्रृष्टिमा ॥

॥१॥

चार दिशा

मिल्के पूर्व परो र पश्चिम दिशा मैयौं परो फेर् अनी ।
उत्तर् तर्फ ठुलो हिमालय हुँदा छिर्दैन कोही पनी ॥
दक्षिण् हेर पहाडका शिखरमा देखिन्छ है सुन्दर ।
यो भन्दा अति रम्य रोचक भुमी संसारमा कुन्छर ?॥

॥२॥

सीमा रेखा

दिंला पूर्ब ठुलो नदी अरुण यो मुल् द्वार पाले रह्यो ।
उत्तर् दक्षिण चिर्खुवा र खकुवा दिङ्ला विचैमा भयो ॥
वेसी आशन भैं गरी अलिकती ढल्केर पश्चिम् तिर ।
दिङ्ला पूर्व फिरेछ लेक तिर ता लाएर ठाडो शिर ॥

॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राकृतिक सौन्दर्य

छाँगा ती छहरा हिमाल मुनिका पाखा हरीया वन ।
देखिन्छन् हिमलङ्गुरादि चुचुरा दिंला महाँ गै कन ॥
भन्ने उक्त कुरा सुनेर दुनियाँ आएर धेरै गए ।
पर्देशी किन आउथे नि यसरी दिंला नराम्रो भए ॥

॥४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आमासित अन्तिम भेटघाट

दिङ्ला सुन्दर भन्दछन् अनि यहाँ गाऊँ अनेकन् छन ।
गाऊँका सब नाम दी, दिकन ता के गर्नु है ? गन्थन ॥
गाऊँकै विच केन्द्र जो ठहरिंदा मुल्नाम दिङ्लै भयो ।
दिङ्लालीहरुको सदैव अब ता भाग्योदए भै गयो ॥

॥१॥

खै कुन्नी कसरी षडानन गुरू दिङ्ला गडी गाउँमा ।
देखा पर्नु भएछ जन्म घरको आमा सुते ठाउँमा ॥
आमाको अब अन्त्यकाल हुन गो भन्ने मनैमा धरी ।
आइपुग्नु भयो र ढोगि दिनु भो पस्रेर पाऊ परी ॥

॥२॥

हे आमा ! म तपाइँको षडु अघी सानै छँदा गै गएँ ।
आफ्नै धर्म र कर्मका नियमले पर्देशवासी भएँ ॥
नौलो मानिस हैन है म जननी ! सम्झेर आएँ म ता ।
हे आमा ! अब ता नमान्नु मनमा कान्छो कता गो कता ॥

॥३॥

वेथा सैह्य थिएन चेतन थियो कान्छो त काहाँ थियो ?।
आयो दैव हुदो रहेछ, नभए कस्ले पठाई दियो ?॥
आमाको मनमा भएछ र अनी छट्पट् भयो हे हरी ।
आमा जानु भएछ त्यै वखतमा कैल्यै नफिर्ने गरी ॥

.....॥४॥ .....

देवी, माधव, हरि, गुरुजिका दाजु घर्मै रहेछन् ।
झट्टै आए खबर गरदा छक्क पर्दा भएछन् ॥
को हो ? भन्थे मृतक जननी छेउ मै जोगि जस्तो ।
कान्छो भाई रछ भनि चिने, योग लौ हेर कस्तो ?॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरी आमा ! भनिकन विलौना गरिन् नर्मदाले ।
आमा छोरी कति मिलि मिली साथ वस्थे मजाले ॥
वेला पुग्दा पछि त सवले जानुपर्ने रहेछ ।
अर्ती यस्तै सुनिकन वरा चित्त वुझ्दै गएछ ॥

॥६॥

शोका कुल्को खबर गरियो शंख रन्काइ पैले ।
आई धेरै वरपर गडी गाउँका ती सवैले ॥
लागो लर्को मलम गतिलो धेर् मलामी भएर ।
सद्गत राम्रो अरुण नदिमा गर्नलागे गएर ॥

॥७॥

अन्त्येष्टी भो अरुण नदिमा रुक्मिणी जी ! भनेर ।
खल्को गर्दा तिलकुश लिई एकदेखी गनेर ॥
पूरा तिलाञ्जल अँजुलिले रुक्मिणीलाइ अर्पे ।
"क्रीयापुत्री,, गति नियमले माझमा लाइ फर्के ॥

॥८॥

दाजै ज्यूको घर गइ वसौं, तारिद्यौं प्रेत आत्मा ।
दाजू देवी चरण सित यो भन्नु हुन्थ्यो महात्मा ॥
वाटै देखी सहमत भए जामुने जानलाई ।
देवी जी कै घर गइवसे हेर लौ चार भाई ॥

॥९॥

दोश्रा दाई वचपन छँदा नर्मदा नन्द पैले ।
वाँचेनन् ती अरु जति थिए चार भाई सवैले ॥
ख्याए नौका सरह जननी, धर्म शास्त्रै लिएर ।
तारे तेह्रौं दिनतक सधैं पिण्ड पानी दिएर ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिङ्लामा गुरु नजर

दुई मुल्वाटाले मिलन जुन ठाऊँ गरि अनी ।
गए,चौक,"चौवाटो,, भइकन त वाटाहरु पनी ॥
जहाँ गैरो, गैरो, मिलन चउवाटो छ वलियो ।
तहीं दिङला भञ्ज्याङ् भनिकन त नाऊँ कहलियो ॥

॥१॥

थियो सिस्नूघारी फरक अरु भाषी जन थिए ।
भनेको सिस्ने हो रछ वुझनु "तिङ्ला,, भनिदिए ॥
अनी दिङ्ला नाऊँ अलि अलि गरी फैलिन गयो ।
पछी भाग्येरेखा थपिन गुरु आई सुरु भयो ॥

॥२॥

जुँगा दारी त्यागी, शिर उपरको केश पगरी ।
सवै त्यागी सेता बरखि कपडा पैरन धरी ॥
सफा सेतो फेटा रछ शिरमहाँ टम्म कसिलो ।
खराऊ छन् पाऊ तिर, वदन हर्दम् छ हँसिलो ॥

॥३॥

थिए दाजू देवी चरण, चतुरा माधव, हरी, ।
गृहस्थी आश्रम्का नियमजतिको पालन गरी ॥
वसेका छन्, ताहीं रहन गुरुमा आग्रह भयो ।
कहीं एकान्तैमा रहन गुरु इच्छा हुन गयो ॥

॥४॥

ठुलो चौवाटाको निकट रछ ठाऊँ अघचिंलो ।
थियो पाटी चामेश्वर तिनतले खूब गतिलो ॥
रहेछन् भ्याल्ढोका झिगटि पनि छानातिर सब ।
सवारी भो ताहीं रहन गुरुको लौ सुन अब ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगाऊँ चौवाटो उपर हटिया सात दिनको ।
मुनी चौवाटैमा शहर रहने ठाउँ छ निको ॥
गुरू भञ्ज्याङ् आई जब त यसरी जाँचि लिनु भो ।
"शहर वढ्दै जाला,, भनिकन त वर्दान दिनु भो ॥

॥६॥

ठुलो चौवाटाको गुरु नजर राम्रो जब भयो ।
अनी पूर्वे ताकी गुरु गति अगाडी वढि गयो ॥
गुरू दायाँ वायाँ गति नजर साथै गरि गरी ।
जपी मन्को माला फगत घुमि वक्स्यो वरिपरी ॥

॥७॥

जहाँ सिस्नू टम्मै जमिन पनि सम्मै रछ अनी ।
गई हेर्दा ताहीं भवन अनि देवालय पनी ॥
सबै अट्ने जानी गुरु मनमहाँ टम्म भरियो ।
उता कैलाश् पूर्वे तिर शिखरमा नाम दरियो ॥

॥८॥

अब उपवन जस्तै सिस्नुघारी उघारी ।
उपर जति कहेको योजनाको तयारी ॥
मन-मन गुरुजीले ठिक्क पारेर पैले ।
अनि जनमन वुझ्ने योजना भो क्रमैले ॥

॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चामेश्वर पाटी (गुरु आश्रम)

चामेश्वर् धनका धनी र मनका मन्कारि मान्छे थिए ।
पाटी, मन्दिर, थामनाकन गुठी खेतै चढाई दिए ॥
पाटी एक ठुलै थियो र शिवको मन्दिर् त सानै थियो ।
चामेश्वर् गुठ राखिएछ पहिले संकेत यो लेखियो ॥
॥१॥

चौवाटो विच पारि मन्दिर अनी पाटी वनाई दिए ।
रक्षा खातिर गूठका समितिमा नेवार जाती थिए ॥
पूजाहारि सदैव मन्दिर महाँ धाई रहन्छन् वरा !! ।
पाटी चाहिं चुहुन्छ की भनि सधैं हेर्चाह गर्थे पुरा ॥
॥२॥

पाटी, मन्दिर, छन् अलग्ग दुइटा छैनन् अरु क्यै पनी ।
त्यो वेला हरियालि जङ्गल हुँदा ठाऊँ असल हो भनी ॥
आई पुग्नु भयो षडानन गुरू सेवा विषे मन्धरी ।
शिक्षा ज्योति जगाउने छु जनमा भन्ने प्रतिज्ञा गरी ॥
॥३॥

एकान्त स्थलमा रमाइरहने योगी षडानन्दको ।
इच्छा माफिक वस्नलाइ सजिलो पाटी छ आनन्दको ॥
सोही पाटिमहाँ षडानन गुरु वस्नू भएको थियो ।
दिङ्लालाइ सजाउने विषयमा पक्का हुने देखियो ॥
॥४॥

एक्लै वस्न यहाँ डरै रछ अघी घारी हुनाले गरी ।
दिङ्लाली जनजाति वास गुरुको देखेर छक्कै परी ॥
आफू आफु कुरा गरेर गुरुको नाऊँ चलो गाऊँमा ।
कस्ता मानिस हुन् षडानन गुरु ? भन्थे सवै ठाउँमा ॥
॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आए श्री गुरुलाई हेर्न पहिले श्रद्धालु मान्छे जती ।
पाए दर्शन भेटमा गुरुजिको अर्ती कती हो कती ॥
शान्ती भो मनमा गएर घरमा गाऊँ फिंजाए सब ।
पालो पाइ नसक्नु भो दिन दिनै के के वताऊँ अब ?॥

॥६॥

रोगीको पनि रोग यो रछ भनी योगी षडानन्दले ।
पानी मन्त्र जपेर छर्किनु भयो तत्काल आनन्दले ॥
भोली पर्सि तिरै निको हुन गयो वादल् सरी फाटियो ।
रोगीका सव रोग मन्त्र बलले खड्गो सबै काटियो ॥

॥७॥

चोरी भो जब ता तुरुन्त गुरुका कान्मा गई भर्दथे ।
चोर्नेले पनि वस्तु त्यै वखतमा फिर्ता दिने गर्दथे ॥
चोरैको मन पग्लने गुरुजिका इच्छा तरङ्मा परी ।
वाचा वन्धन गर्दथे मनमनै कैल्यै नचोर्ने गरी ॥

॥८॥

चिन्ताले मन पोलदा गुरुजिमा बिन्ती चढायो जब ।
सित्तल् भो मनमा उपाय सजिलो सुन्दा तुरुत्तै अब ॥
भन्थे यो मनको विचार पहिले भन्नै थियो के कती ।
हेर्दै जान्नु हुँदो रहेछ गुरु ता मन्मा भएको जती ॥

॥९॥

आपस्का झगडा जितेर मनका मस्ती लिने जो थिए ।
एस्ता मानिस ता गुरू नजरले हेर्दा सवै वैलिए ॥
आफैं सज्जन भै गएछ मनको मुर्खै भएता पनी ।
दुर्जन् मानिसको विचार गुरुले वेर्नू भयो फन्फनी ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाली हात हुँदैन भक्त जनको सर्दम् छ कोठै भरी ।
श्रद्धालू जनबाट आइरहने खाई नसक्ने गरी ॥
गर्थे अर्पण देवता सरहका हाम्रा षडानन् भनी ।
खाँचो छैन कुनै कुरा गुरुजिको आश्रम् महाँ क्यै पनी ॥

॥११॥

आश्रम् उत्तम यो रहेछ गुरुको पाटीमहाँ पस्नु भो ।
राती साथ हुदैनथे गुरुजिका एक्लै त्यहाँ वस्नु भो ॥
दिन्मा चाहिं सदैब मानिसहरू आइरहन्थे जब ।
जागो "श्री" "जनचेतना" लहर यो दिङ्लामहाँ लौ अब ॥

॥१२॥

दिङ्लामाथि दया गरेर गुरुले प्रस्ताव राख्ने भनी ।
इच्छा गर्नु भएछ सज्जन महाँ जो जो थिए ती पनी ॥
निस्के घर् घरबाट दर्शन गरौं भन्दै गुरूको जब ।
आ-आफ्नो पथमा चले खुरु-खुरू आई पुगेछन् सब ॥

॥१३॥

दिंलालाई सजाउने विषयमा इच्छा ठुलो भैकन ।
आए सम्झिनसाथ श्री गुरुजिले तत्कालमा सज्जन ॥
शिक्षा दीप जगाउने गुरुजिले मन्मा भएका कुरा ।
आमू सामु बसी सवै कहनु भो ताली वजाए पुरा ॥

॥१४॥

देखाई दिनु भो गुरू अघिसरी ठाऊँ सबै तोकियो ।
ठाऊँ ठिक्क रहेछ क्षेत्रफलमा सिस्नू सबै देखियो ॥
पैले घारि उघारिएछ गुरुको उर्दी भएकै दिन ।
घर् लौरी जनता जुटे, समय ता लागेछ एक्कैछिन ॥

॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्थे श्री गुरुले चिताउनु भए निर्माण आफैं पनी ।
श्रम् शक्ती रहने छ यो जगतमा अत्यन्त प्यारो वनी ॥
भन्थे मन्मन कल्पिएर गुरुले दिङ्लालिलाई सब ।
उत्साहा मनमा भराइ दिनु भो, श्रम् गर्न लागे अब ॥
॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्माणका रुप रेखा

साटासाट र भेटघाट सजिलो होला हटीया अब ।
लाऔं भन्नु भएछ श्री गुरुजिले हल्ला फिंजाए सब ॥
हल्लाकै अनुसार हेर दुनिया भेला भएछन् अनी ।
हप्ताको शनिवार हाट दिउसो लाग्दैछ ऐले पनी ॥
॥१॥

श्रम्गर्दा सजिलो भएछ हटिया सातामहाँ एक्दिन ।
लाग्नाले त अभाब हुन्न कहिल्यै निर्माणमा एक्छिन ॥
भन्ने सम्झिनु भो र श्री गुरुजिले पैले हटीया भयो ।
गर्ने संरचना गुरू मन महाँ उर्लेर आईरह्यो ॥
॥२॥

निर्माणादि नियम् वमोजिम गरी देखाउने मन् भयो ।
योगाशन् विधिवाट शक्ति गुरुको सीधै वनारस् गयो ॥
काली गड् सित गफ् गरेर सजिलो "नक्शावनाई दिएँ "।
आओ भन्नुभयो अरे गुरुजिले भन्ने सुनेको थिएँ ॥
॥३॥

फेरी श्री गुरु ता हरीहर पुगी मुर्तीकलामा पनी ।
सीताराम समेत लक्ष्मण अरू राधा र कृष्णै अनी ॥
यौटा श्री हनुमान् वनाइ दिनु है ! भन्दा समर्थन् गरे ।
त्यै वेला गुरु शक्तिका विषयमा संकेत झल्क्यो अरे ॥
॥४॥

एता ठीक्क अटूट श्री गुरुजिको नेत्रित्वमा दिन्दिन ।
सारा काम हुदैछ है खुरु खुरू रोकिन्न एकै छिन ॥
पक्का ईट् झिंगटी वनाउन पुरैं जिम्मा लिने क्वै थिए ।
ढुङ्गा ह्रास लगाउने तिर पनी मान्छे खडा भै दिए ॥
॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नापेको चरमा खनेर गहिरो पूरा भएथ्यो जब ।
राम्रो साइतमा गुरू अघिसरी आएर आफैं अब ॥
शीलान्यास भएछ मन्दिर अनी शिक्षा सदनको पनी ।
पैलो पत्थर ता मिलाइ दिनु भो दीगो गराऊँ भनी ॥

॥६॥

पाठ्शाला मठ मन्दिरै अनि अरु पाटी र पौवाहरु ।
मन्दिर् वाहिकका पुरे चर खूवै गर्दै थिए ती अरु ॥
नक्शा ताकि सदैव कालि गडता आइपुगेछन् जब ।
को आए ? तिनभाइ हेर वलिया भन्दै थिए ती सब ॥

॥७॥

तत्कालै गुरुलाइ कालिगडले भेटेर दर्शन् गरे ।
हिन्दी बात गरेर उत्तर फिरी हेर्दै अगाडी सरे ॥
पल्ला छेउ पुगेर उत्तर महाँ मन्दिर् बनाओ भनी ।
देखाई दिनु भो अरे गुरुजिले नापेर ठाउँ पनी ॥

॥८॥

कालीगड् लिइ जानु भो गुरु अनी कैलाश ताकी जब ।
कल्पी अग्रज, नर्मदेश्वर भनी राखौं महाद्यौ अब ॥
भन्ने भो मनमा र कालिगडले वुझ्ने गरी लेखियो ।
नक्शाकै अनुसार मन्दिर हुने कैलाशमा देखियो ॥

॥९॥

सल्लाहा अनुसार मन्दिर यहाँ ठूलै वनाऔं भनी ।
आ-आफ्ना सिपका सिपालु जनता लागी परेछन् अनी ॥
केही काल पछी खडा गरिदिए कैलाशमा मन्दिर ।
जोडे मन्दिरमा गजूर गतिलो फर्काइ स्वर्गै तिर ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाजू सम्झिनु भो अरे नरमदा नन्दै गुरुले जब ।
त्यै नाऊँ शिवमा समर्पण गरी संस्थापना भो अब ॥
नाऊँ ॐ शिव नर्मदेश्वर महा देवालए तोकियो ।
कैलाश् माथि ठुलो शिवालय हुँदा शोभायमान् देखियो ॥

॥११॥

कुल् पितृ पनि तारिने र दुनियाँ श्रद्धा समर्पण् गरी ।
आई जो नम ॐ शिवाय कहला संसार सागर तरी ॥
जाला अन्तमहाँ भनेर गुरुले उद्धारका खातिर ।
दिङ्ला माथि ठुलो शिवालय खडा गर्नू भयो आखिर ॥

॥१२॥

दिङ्ला थुम्कि उचा भएर उसको कैलाश नाउँ रह्यो ।
उस्माथी शिवको शिवालय हुँदा सुन्मा सुगन्धै भयो ॥
पैले शीर चटक्क भो मुकुट झैं कैलाशको मन्दिर ।
संस्थापन् शिवको भयो सब अनी झर्दा भए तल्तिर ॥

॥१३॥

तल्लो सम्म जमीनमा खुरुखुरू गर्दै थिए काम् अरु ।
पक्का भब्य भवन् वनाउन सधैं लागी परेकाहरु ॥
माथीबाट झरे शिवालय पुरा गर्ने कलाका धनी ।
आज्ञा भो गुरुको यहाँ पनि ठुला मन्दिर् वनाओ भनी ॥

॥१४॥

फेरी मन्दिरको वनाइ दिनु भो नक्शा गुरुले सब ।
यै नक्शा अनुसार कालिगडले काम् गर्न लागे अब ॥
ढोका पत्थरका र झ्याल कुँदिए खोलेर आँखे दुला ।
आँखीझ्याल पुरै तयार गरिए ढुङ्गा मिलाई ठुला ॥

॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्थर् गड्तिरका अती गहकिला कूँदे सदा दिन्दिन ।
ढोका भ्याल तयार पारि सकिए आओ भनेछन् लिन ॥
पत्थर्मा हनुमान् सजाउन ठुलो खम्वा तयारी गरे ।
आए लान सबै थिए गहकिला लानैं नसक्ने अरे ॥

॥१६॥

पाठ्शाला मठ मण्डपादि दिनहूँ निर्माणमा तल्लिन ।
कर्मीसाथ सधैं षडानन गुरू नेतृत्वमा दिन्दिन ॥
लागी पर्नु हुदै थियो गहकिला पाषण् तयारी भए ।
ल्याऊँ के गरि हे षडानन गुरु ! भन्दै अगाडी गए ॥

॥१७॥

ढोका भ्याल जडान मन्दिर महाँ आयो समस्या जब ।
आफैं गैकन श्री गुरू अघिसरी छोई दिनाले सब ॥
ढोका पत्थर भ्याल ती गहकिला खम्वा हलुङ्गा वने ।
जम्मै छक्क परे षडानन गुरू द्यौतै रहेछन् भने ॥

॥१८॥

ल्याए ती सजिलै सबै वरिपरी गाह्रो उठाए जब ।
ढोका भ्याल पनी जडान गरिए ढुङ्गा कुँदेका सब ॥
जम्ल्याहा सरि भो तयार तर यो छुट्टै छ दूई तिर ।
"गुम्मज्जुग्म,, भए गजूर दुइटा उचा भए मन्दिर ॥

॥१९॥

टल्के मन्दिरमा सुवर्ण दुइटा अग्ला गजुर् वेसरी ।
ताके स्वर्ग सिधै उँभो तिर परो भन्ने इशारा गरी ॥
उत्तर्तर्फ पुरै सजावट भयो मन्दिर् हुनाले अब ।
दक्षिण् भब्य भवन् अगल् वगलमा पूरा भएछन् सब ॥

॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को मन्दिर वीचमा भवनको पूरा भएथ्यो जब ।
माझैमा दिनहूँ पुराण भनिने निर्माण भो मण्डप ॥
पङतीवद्ध भवन् भए दुइतिरै पूर्वी र पश्चिम् तिर ।
हेर्थे चोकमहाँ घुमेर दुनियाँ लाएर ठाडो शिर ॥

॥२१॥

यातायात निकास गेट गतिलो पक्का छ दक्षिण् तिर ।
ठूलो गेट रहेछ द्वार दुइटा माथी छ यौटै शिर ॥
पक्का अक्षर "स्वागतम्,, पनि रहे ती द्वार माथी अब ।
मालाकारमहाँ सजावट भयो निर्माणको गौरब ॥

॥२२॥

पाठ्शाला मठ मन्दिरादि पहिले पूरै तयारी भए ।
उद्घाटन् गरुँला असल् दिन भनी ऐले त थाती रहे ॥
ताहाँसम्म गरौं सबै वरिपरी वाग्वानि जोगाउने ।
पक्का ईंट धरी लगाउँ गिरजा पर्खाल शोभा हुने ॥

॥२३॥

गुरुद्वारा निर्मित बगैंचा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सल्लाहा गुरुको अघिल्तिर सरो धारा पँधेराहरू ।
सीता पार्वति कुण्ड दाखिल गरी शोभा वढाऊँ अरू ॥
भन्दा हुन्छ भने सवै जन मिली काम् गर्नलागे अनी ।
धारो राम वनो र लक्ष्मण वनो धारो त अर्को पनी ॥

॥२४॥

ठूला भब्य भवन् पछाडितिरको पश्चिम् दिशा जो थियो ।
वाग्वानी कहियो वरीपरि सवै पर्खालले घेरियो ॥
पक्का यो परखाल माथि गिरजा छानू छ पक्का अनी ।
बर्षा होस, भुकम्प होस अब यो ढल्दैन कैल्यै पनी ॥

॥२५॥

सीता कुण्ड निकै अलिक्तल खने पैले अगाडी सरी ।
निर्देशन् अनुसार कै गुरुजिको इच्छा वमोजिम् गरी ॥
निर्माता सिपका सिपालु जनता छानेर लागी परे ।
कालीगड् तिनलाइ साथ दिनमा तिन्ले ठुलो काम् गरे ॥

॥२६॥



गुरुद्वारा निर्मित पार्वती पोखरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुख्खा ठाउँ थियो थिएन जरुवा ढुङ्गा मिलाई वरी ।
सीता कुण्ड चटक्क पारि सकियो सीताजिको पोखरी ॥
केही मास्तिर पार्वती सुरु गरे योगी षडानन्दको ।
इच्छा माफिक यो तयार हुन गो अत्यन्त आनन्दको ॥

॥२७॥

सीता पार्वतिकुण्डको उदयले शोभा बढायो अरू ।
सीता सानु र पार्वती छ गतिलो धेरै वयान् के गरूँ ॥
चौवाटो छ जहाँ इशान छ कुना ताहीं खने पार्वती ।
तट् वन्धन् गरियो वनाइ गहिरो सुन्दर कती हो कती ॥

॥२८॥

फूल्वारी पनि पोखरी वरिपरी उच्चा गराई वरी ।
नाना फूल हुने भयो उमरमा निच्चाभयो पोखरी ॥
चारै हात परी जमीन उपरी पर्खाल गिर्जा गरी ।
ढोका वेगर पस्न ता नसकिने पक्का भयो पोखरी ॥

॥२९॥

मूलै गूठगरी भुईं मुनिमुनी ल्याएर सफ्फा जल ।
धारो पोखरिमा निरन्तर हुँदा पानी जमो निर्मल ॥
सातै फीट जमेर पार्वतिजि ता वाँकी उँभो आइनन् ।
सीता कुण्डमहाँ निकास नभई यिन्ले धरै पाइनन् ॥

॥३०॥

ठुलो पार्वतिको निकास पथ खै देखिन्न जाने तल ।
सीता कुण्डमहाँ अचम्म सँगले पानी गयो निर्मल ॥
निर्माता खुशिले गुरूसित गई संचार यस्तो गरे ।
सीता पार्वति खेल हो वुझिलिनू भन्नू भएथ्यो अरे ॥

॥३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खम्बा पोखरि माझमा छ सखुवा अग्लो भयो वेसरी ।
धातु टोप दिएर सो उपरमा नाग्राज अंकित् गरी ॥
मौसम् लौ अनुकूल हुन्छ अब ता योगेश्वरानन्दले ।
भन्दा ढुक्क परे सबै जनहरू अत्यन्त आनन्दले ॥

.....॥३२॥.....

माछा आफैं पोखरीमा पलाए ।
सातै खाले जातमा रङ्ग आए ॥
सङ्लो पानी भित्र माछा रमाए ।
सप्तै रङ्गी खेलमा चुल्वुलाए ॥

॥३३॥

वाग्वानीमा फल्फुलै रोप्न लागे ।
हेर्दाहेर्दै कल्कलाएर जागे ॥
नौला गाछी श्री गुरुले चिताई ।
आफैं उम्रे, ती पनी कल्कलाई ॥

.....॥३४॥ .....

निर्माणदि सवै समापन भई कर्मी विदाई भए ।
आ-आफ्ना शिपले पुरस्कृत हुँदा सन्तुष्ट भै गै गए ॥
काली गड् अनि कर्मि खर्च गुरुको आफ्नै गयो सम्पती ।
टाढैको धन आउने गुरुजिले सम्झेर डाकेजती ॥

॥३५॥

धन्राशी कति हो कती जनकपुर् काठ्माण्डु बस्ता पनी ।
जाहाँ आर्जन भो तहीं जतनले राखी दिनू भो अनी ॥
आयो सम्झिनसाथ खर्च गुरुले अर्पण् गरी वक्सियो ।
इच्छा माफिक गर्नुहुन्छ गुरु ता वर्दान यस्तै थियो ॥

.....॥३६॥ .....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकल नव कृतीमा टल्कियो रङ्गलाई ।
उपरतिर त कैलाश् चम्कियो टल्टलाई ॥
अब रछ गुठ बाँकी तर्जुमा गर्नुपर्ने ।
गुठ जमिन भएमा केहि गर्ने नपर्ने ॥
॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुठी आर्जन

खबर गरि गुरूले गाउँका दाजुभाई ।
झुकिकन गुरु दर्शन् गर्दछन् सामु आई ॥
गुरुतिर फिरिहेर्दा दृष्टि जम्मै मिलाए ।
अनि गुरु नजरैले लोभ लाल्चा विलाए ॥

.....॥१॥ .....

आशीर्वाद दिएर भक्तजनमा योगी षडानन्दले ।
जे जे भन्नु भयो हवस् भनिदिएर अत्यन्त आनन्दले ॥
आज्ञा गर्नु भयो अरे गुरुजिले शैली मिलाई जब ।
"मातृ भू गहना तयार गरिए थामेर राखौं अब,,॥

॥२॥

"पूजा पाठ पुराण लागिरहने शिक्षादिका खातिर ।
जम्मै दीप जगाउने विषयमा वर्तन् भरौं आखिर" ॥
सल्लाहा गुरुको सुनेर सबले ताली वजाई दिए ।
त्यो वेला गुरु सामु आइ दुनियाँ जो जो वसेका थिए ॥

॥३॥

अर्ती ज्ञान, हितोपदेश गुरुको पूरा मनैमा भरे ।
धर्माती हुनमा हरेक जनमन् पग्लेर आयो अरे ॥
भूमीदान ठुलो रहेछ जगमा विस्तार वुझ्दै गए ।
राम्रा खेत चढाउने मनमहाँ सङ्कल्प गर्दा भए ॥

॥४॥

शीलालेखमहाँ तपाइहरुको नाऊँ दरौंला भनी ।
भन्नू भो गुरुले हरेक जनमन् उर्लेर आयो अनी ॥
आफ्नो नाम अमर् गराउन सबै दाता अगाडी सरे ।
गच्छे कै अनुसार श्री गुरुजिमा जग्गा समर्पण् गरे ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयो दान् गुरुमा सवै खुरुखुरू जग्गा जमिन् वेसरी ।
"सीताराम गुठी,, भनेर गुरुले नाम् राख्नु भो एसरी ॥
पाठ्शाला मठ मन्दिरादि दिनहुँ "आराम,, गोड्मेलमा ।
टेवा गूठ भएछ दीप जसरी वल्छन् सधैं तेलमा ॥

.....॥६॥ .....

मौका छोपे दुइ भाई भएर ।
जम्दार् अर्का ती विचारी गएर ॥
योगी राजा श्री षडानन्दलाई ।
विन्ती पारे भाव आफ्नो जनाई ॥

.....॥७॥ .....

धर्मात्मा गुरुका विचारि जमदार् सामू अगाडी गए ।
पाटी मन्दिर पङ्तिकै लहरमा देखेर भन्दा भए ॥
बस्नेत् हुन् थरका जमानसिङले विन्ती गुरुमा गरे ।
पाटी निर्मितमा भएजति पुरा खर्चै विहोर्ने अरे ॥

॥८॥

वस्नेत् श्री वलभद्रले गुरुजिमा उस्तै निवेदन् गरे ।
सानो मन्दिरको पुरा वुझिलिनू खर्चै भनेछन् अरे ॥
विन्ती स्वीकृत भो इनै दुइकुरा वस्नेतका देखिए ।
यस्को खर्च गुठी जमिन् तिर परो भन्ने कुरा लेखिए ॥

॥९॥

संस्थैमा दुइटै चढाइ इनले पाटी र मन्दिर् जब ।
तारे पितृ सबै र सन्तति पनी फैलाउने रे सब ॥
पाटी मन्दिर दान दी गुठमहाँ रेख्देखका खातिर ।
आफ्नै सन्ततिमा "जमान ""वलले" जिम्मा दिए आखिर ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जग्गाको सब दानपत्र गुठमा लेखेर अर्पण् गरे ।
वाँकी काम रह्यो गुठी गठनको ऐले नगर्ने अरे ॥
भन्नू भो गुरुले "गुठी जमिनको श्रेस्ता मिलाउँ सब ।
शिक्षा स्वीकृत मागना कन ठुलो आधार यै हो अब ॥

.....॥११॥ .....

ऐलानीमा काम जे जे गरीए ।
गर्दै जाँदा भब्यताले भरीए ॥
चारै किल्ला माथि लेखी दिनेछु ।
दर्ता जम्मै गूठ पारी लिनेछु ॥

॥१२॥

गाऊँवेंसी गूठ जग्गा जनाई ।
दर्ता गर्छू पारदर्शी वनाई ॥
राजा सङ्गै आमुसामू भएर ।
शिक्षा स्वीकृत् मागि लिन्छू गएर ॥

॥१३॥

समरथ गुरुजीले सत्य सङकल्प गर्दै ।
हर मनुज मनैमा दृढ विश्वास भर्दै ॥
दुइतिर गइ चाँडै काठमाण्डू र काशी ।
सफल भइ फिरौंला, भन्नु भो हाँसिहाँसी ॥

॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ यात्रा

शिक्षा स्वीकृत मागनाकन गुरू काठ्माडु जाने अरे ।
को लाने ? गुरुसाथ जाइदिनमा इच्छा सवैले गरे ॥
बारै दिन्तकमा पुगिन्छ पइदल् काठ्माण्डु जाँदा जब ।
एक्लै जान हुदैन है गुरुजिले भन्दा भए ती सब ॥

॥१॥

श्रद्धा भाव सुनी सहर्ष मनले फेरी गुरूले पनी ।
एक्लै हुन्छ मलाइ पुग्न सजिलो भन्नू भयो रे अनी ॥
जाने दिन् गुरुको विदा वखतमा भेला भएथे सब ।
आधा दिन्तक श्री गुरू पछी पछि जाने भनेछन् अब ॥

॥२॥

काठ्माडूतिर जान त्यो वखतमा पश्चिम् दिशा पो थियो ।
एता श्री गुरुले त पूर्व तिरको वाटो गरी बक्सियो ॥
फिर्ने शर्त गरी सवैजन हिंडे आफ्ना गुरु साथमा ।
झर्दा पुग्न गए अरूण नदिको ठूलो सती घाटमा ॥

॥३॥

गुरु गति अति चाँडो त्यो सतीघाट वारी ।
पुगिकन अडियो रे श्री गुरूको सवारी ॥
गहभरि गुरुजीको भाव पग्लेर आयो ।
अवुझ नर नियम्ले भित्र देखी सतायो ॥

॥४॥

"सतिभनि पति मर्दा होम्दछन् आइमाई ।
कुरित शठ चलन्ले हाय ! जिम्दै जलाई,,॥
मनखिलि गुरुजीले भन्नु भो एकफेर ।
अनि अरुण नदीमा पुग्नुभो पानिनेर ॥

.....॥५॥ .....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठ्माण्डूको काम सक्ने छु पैले ।
काशी फेरी जानुपर्ला क्रमैले ॥
मुर्ती सीता राम लक्ष्मण् हरीहर् ।
क्षेत्रैमा छन् ल्याउँला गै सरासर् ॥

॥६॥

साथीलाई योजना यो सुनाई ।
आफ्नो यात्रा पानिबाटै जनाई ॥
हावा पानी साथ दिन्छन् मलाई ।
भन्दा जम्मै छक्क पर्छन् रमाई ॥

.....॥७॥.....

फिर्नूहोस् अबलौ तपाईहरु ता भन्दै नदीमा अनी ।
पानी माझ पुगी रुमाल गुरुले राख्नू भयो आशनी ॥
पानीमाथि रुमालमा गुरुजि ता वस्ता नडुब्ने अरे ।
बग्दै जानुभयो अरूण जलमा हेर्ने त छक्कै परे ॥

॥८॥

नेपाली नदिमा अरूण गतिलो, सुख्खा हिउँद्मा पनी ।
पौडी सामरथी त पार नगरी फिर्छन् तटैमा अनी ॥
यस्तो डर्मरदो अरुण नदिमा योगी षडानन्दले ।
उल्कै गर्नुभयो सवार जलमा अत्यन्त आनन्दले ॥

॥९॥

एता श्री गुरुको वयान फिंजियो गाऊँ घरैमा अव ।
देख्ने मानिसले भनेपछि त लौ छक्कै परेछन् सब ॥
अर्को तर्फ गुरू प्रवाह जलमा इच्छा कहाँ तक् थियो ।
ताहाँदेखि अलप् हुँदा पवनले पूरै भरोसा दियो ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुग्नू भो गुरु काठमाण्डु यसरी साइत् गरे कै दिन।
लीला हो गुरुको चिताउनु भए लाग्दैन एक्कै छिन ॥
राजाको दरबार वाहिर परै रोकेछ मुल द्वारमा ।
पालेको पनि काम रोकिदिनु हो, यस्तै छ संसारमा ॥

.....॥११॥ .....

पालेभाई ! जान द्यौ, द्यौ, मलाई ।
भन्दा रोको श्री षडानन्दलाई ॥
राजा भेट्ने साधु आयो भनेर ।
भन्द्यौ भाई ! भन्नु भो एकफेर ॥

॥१२॥

पालेले ता टेर पुच्छर् नलाई ।
हड्कीहालो हात झड्कन् वनाई ॥
भन्थ्यो वाजे ! फर्किजाऊ भनेर ।
साधूलाई तुच्छतामा गनेर ॥

.....॥१३॥.....

त्यै वेला गुरुले तिखा नजरले हेर्नू भयो रे अनी ।
देखो रूप अनेक द्वार नजिकै पाले वरा त्यो पनी ॥
तिन् छक्कै हुन गो, नटेकि भुईंमा मान्छे अनेकौं भए ।
यौटै रुप रही अनेक अरु ता फेरी विलाई गए ॥

॥१४॥

तत्कालै गुरुको वयान सहितै सन्देश भित्रै गयो ।
श्री तिन्बाट हुकुम् हुँदा गुरुजिको भित्रै सवारी भयो ॥
देख्नासाथ चिने गुरू पचलिमा वस्ता चिनेको थियो ।
यस्तो जान् पहिचानले अब यहाँ ज्यादै ठुलोकाम् दियो ॥

॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्ना काम विशेषका जतिकुरा श्री तिन् महाराजमा ।
विन्तीपत्र दिई सुनाउनु भयो आएँ म यै काजमा ॥
भन्नू भो गुरुले सती उनमुलन् यो देशमा वक्सियोस् ।
जिम्दा मानिसले जलेर मरने यस्तो नियम् घस्कियोस् ॥

॥१६॥

विन्तीपत्र तुरुन्त स्वीकृत दिने मीठा वचन्ले भरे ।
केही दिन् पछि नै सती उनमुलन् होला भनेछन् अरे ॥
शिक्षा स्वीकृत गर्दिने, गुठ सवै दर्ता हुने, तोकियो ।
श्री पाच्बाट पनी समर्थन हुँदा लाल्मोहरै ठोकियो ॥

॥१७॥

कस्को तागतमा थियो उसवखत् शिक्षा लिने स्वीकृत ?
योगी श्री गुरुका मिठा वचनमा पक्कै थियो अमृत ॥
जस्का सामुपरी गुरू अघिसरी वोल्दा खुशीले मन ।
हुन्थ्यो फुर्फुर रे कडा मन पनी ज्यादै नरम् भैकन ॥

॥१८॥

त्यो वेला खतरा असम्भव कुरा योगी षडानन्दले ।
आकाश्कै फल झारि वक्सिनु भयो अत्यन्त आनन्दले ॥
आदेश् पत्र लिई विदा हुनुभयो तत्काल काशी तिर ।
पुग्नू भो र अनी तुरुन्त हरिहर् क्षेत्रै महाँ आखिर ॥

॥१९॥

योगी श्री महाराज् तयार प्रतिमा देखेर सामू गई ।
हाँसी भन्नुभयो "गजब् गरिदियौ" अत्यन्त गद्गद् भई ॥
पैले नै गुरुले अराइकन यी मुर्ती तयारी थिए ।
वोल्छन् की अहिल्यै प्रशन्न मनले जस्ता सवै देखिए ॥

॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीताराम र लक्ष्मणादि, हनुमान् ,श्री कृष्ण, राधा,सब ।
साक्षात्कार समानका सब थिए देवी र द्यौता अब ॥
मूर्ती - धातु र सिंगमर्मर कडा पत्थर् कुँदेका थिए ।
इन्को दाम पुरा लिएर गुरुमा जिम्मा लगाई दिए ॥
..... ॥२१॥.....

चल्ने फिर्ने मार्गका यानभित्र ।
मुर्ती जम्मै राखिएलौ विचित्र ॥
नेपाल् ताकी यान दौडी गएछ ।
पूरा मैदान् पार गर्दो भएछ ॥
.....॥२२॥ .....

वोक्ने मानिसले पहाड तिर ता मुर्ती गरुङ्गा भने ।
सुन्दैमा गुरुले अचम्मसितले जम्मै हलुङ्गा वने ॥
दिङलातर्फ हिंडे सबै गुरु अनी सल्लाह राम्रो गरी ।
आफू अल्पिइ पुग्नु भो गुरुजिता दिङ्लामहा त्यै घरी ॥
॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कर्मोदय

योगी श्री गुरु ता हलुङ पनि हुने ज्यादै गह्रुङ्गो अनी ।
हावामा कहिले छिपेर रहँदा देख्तैन कोही पनी ॥
इच्छा गर्नुभयो भने त गुरुले पत्थर् पनी लौ सबै ।
पग्ली झोल हुने हुँदा सकल काम् वाँकी रह्यो के र खै ?॥

॥१॥

दिङ्ला आइपुगेर देखिनु भयो योगी षडानन् अनी ।
आए दर्शन भेटमा जनहरू आफ्ना गुरू जी भनी ॥
शिक्षा स्वीकृतको थियो प्रतिलिपी देखाइ वक्स्यो अरे ।
दर्ता पत्र सबै गुठी जमिनका देखेर दङ्ग परे ॥

॥२॥

देख्ने मानिसले अरुण जलमा आशन् गरी जानु भो ।
भन्थे कागज झोलिमा गुरुजिले साथैमहाँ लानु भो ॥
त्यो वेला गुरुशक्तिका विषयमा सम्झी मुखामुख् गऱ्यौं ।
भन्थे भेटमहाँ गुरूमुख परी हामी त छक्कै पऱ्यौं ॥

॥३॥

हाँसी भन्नु भएछ त्यै वखतमा योगी षडानन्दले ।
टाढा जानु छ पुग्नलाई सजिलै अत्यन्त आनन्दले ॥
जाने छु सहजै मता यसरि नै चाँडै पुगौंला भनी ।
मूर्तिको पनि ता वयान गुरुले गर्नू भयो रे अनी ॥

॥४॥

देवीदेव प्रतीक आकृति अनेक् मुर्तीहरू ती पनी ।
दिङ्लाल्याई पुऱ्याउने अलिकती वाँकी रहेथ्यो अनी ॥
डोलीमाथि चढाइए र पहिले मुर्ती मिलाए सब ।
वाजा नौमतिले सुस्वागत गरी ल्याई पुऱ्याए अब ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन्नाइस् सय वत्तिसै अलिकती सम्वत् थियो क्यै दिन ।
आयो राम् नवमी उसै वखतमा ठूलो महोत्सव् लिन ॥
शिक्षाको सुरुवात त्यै दिन भयो, देवी र द्यौता अनी ।
वेदोक्ती विधिले सजावट भए मन्दिर् महाँ ती पनी ॥

॥६॥

मन्दिर् भब्य महल् चटक्क सिपले पूर्वै तयारी थिए ।
सौगात् श्री गुरुका अपार गहना ल्याएर भित्र्याइए ॥
राखे मन्दिरमा सफा चहकिला देवी र द्यौता सब ।
थाले दर्शन गर्नलाइ सबले वर्दान मागी अब ॥

॥७॥

शिक्षाको पनि थालनी गरिदिने भन्दै अगाडी सरी ।
नेपाली जनजातिमा गुरुजिले आवाहनादी गरी ॥
विद्या ऽ रम्म पनी त रामनवमी पारेर आनन्दले ।
उद्घाटन् गरिवक्सिएछ पहिले योगी षडानन्दले ॥

॥८॥

लंसाल् देवि प्रसाद पण्डित थिए शिक्षक् नियुक्ती लिए ।
नन्दी केश्वर पण्डितै मिलिमिली इन्ले पढाई दिए ॥
योगी श्री गुरुका सहायक यिनै देवी र नन्दी थिए ।
संस्थाकै हितमा गुरू सहमती फेरी अरूले दिए ॥

॥९॥

वस्नेत् हुन् वलभद्र एक र अनी अर्का जमान्सिङ् अरे ।
खर्दार् यज्ञनिधी समेत गुरुकै वन्धू अगाडी सरे ॥
वाँकी श्री गुरुका सहायक अझै को को थिए देखिनँ ।
भेटेका जति नाम लेखिन गए वाँकी अरू लेखिनँ ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिङ्ला धाम भएछ रामनवमी मेला जनाई वरी ।
उद्घाटन् गुरुबाट नै हुन गयो ठूलो महोत्सव् गरी ॥
जैलेदेखि यहाँ त रामनवमी मेला सुरु भो अनी ।
दिङ्लाको त ठुलो वजार कहिने लाग्दै छ ऐले पनी ॥

॥११॥

अर्को चाडहुकुम् भएछ गुरुको सत्बीज छर्ने भनी ।
रथ्यात्रा गतिलो भएछ पहिले सद्भाव जागो अनी ॥
जस्ले भक्ति गरेर सत्विउ छरे पितृ सवै तर्दछन् ।
भन्नू भो गुरुले र त्यै नियमले भक्ती अझै गर्दछन् ॥

॥१२॥

बर्ष्यौनी त ठुला वजार दुइटा मेला यिनै पर्दछन् ।
तिन् दिन्सम्म रमाइलो गरिगरी मेला सबै भर्दछन् ॥
मेलामा दशलाख सम्म जनता भेला हुँदा हुन् अनी ।
साथी छुट्न गयो भने त सजिलै भेट्तैन कोही पनी ॥

॥१३॥

राम्रा काम सुरू भए जब यहाँ वस्ती सुरू भो अरे ।
तिन्टा गा.वि.स.को सीमा वरिपरी ऐले घरैले भरे ॥
पैले नै गुरुको निरीक्षण हुँदा वर्दान यै हो जब ।
दिङ्लामा अनि यो वजार वनियो दिंलालिको गौरब ॥

॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुठी गठवन्धन

शिक्षा फैल्यों रविकिरण झैं दूर सूचन् दिएर ।
आए सूचन् अवगत हुँदा वालवच्चा लिएर ॥
विद्यार्थीको जमघट भयो दूरका छात्र आए ।
छात्रावास्को महल मिलि गो, वस्नपाई रमाए ॥

॥१॥

दिङ्लालीले सहजसितमा पढ्न पाए रमाई ।
बस्तै आए अरु कति वरा दूरका पढ्नलाई ॥
"धानै बाडौं अलिकती सिदा दूरका छात्रलाई" ।
लेखी टाँसे गुरु वचन यो सूचनामा जनाई ॥

.....॥२॥ .....

गुठी आयस्ताको विवरण विधी तज्विज गरी ।
विधान् पक्का पारी अनि गुरु अरुका अघिसरी ॥
गुठीको सञ्चालन् गठन विधि वक्स्यो जव अनी ।
समर्थन्मा आए गुरु सहमतीमा अरु पनी ॥

॥३॥

सु- सञ्चालन् गर्ने गुठ गठनमा छल्फल भयो ।
गुठीको सञ्चालक् समिति गठवन्धन् हुनगयो ॥
षडानन्का सामू सफत अरुले दाखिल गरे ।
इमान्दारीताको विधि नियम यस्तै रछ अरे ॥

॥४॥

सवै उब्जा हो रे गुठ जमिनको सात्सय मुरी ।
वुझाए साँढेतीन् सयमुरि कमैया अघिसरी ॥
गुठी आयस्ताको खटन गुरुबाटै हुन गयो ।
सु- सञ्चालन् गर्दा ब्यय विधि वताई दिनु भयो ॥

.....॥५॥ .....

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ्शाला मठ मन्दिरादि र पुराण्, आराम गोड्मेलमा ।
फाँट्वारी गुरुवाट धान गरियो पारेर जाल् झेलमा ॥
खानेलाइ कडा सजाय गरिने सन्तान ता मासिने ।
आफू नर्क परेर सात्कुल समेत् पारो नरक् भासिने ॥

॥६॥

यस्तो डर्मरदो सजाय गुठको कानूनमा लेखियो ।
लोभीको मुटु झस्किने गुरुजिको वाक्वाण यै देखियो ॥
सम्पत्ती ढिकुटी गुठी वरिपरी वाक्वाणले घेरियो ।
ठूलो पुण्य कमाउनाकन यहाँ अर्को कुरा फेरियो ॥

॥७॥

चाँडै धर्म कमाउने मन भए संस्था सुचालन् गरी ।
जाने मार्ग खुला हुनेछ सजिलै संसार सागर तरी ॥
सुब्बे फाब्य गृहस्थ आश्रम हुने सन्तान फैलाउने ।
वर्माला गुरुको छ यो समितिमा संझेर केलाउने ॥

॥८॥

निर्माता गुरु होइवक्सिनु भयो अध्यक्ष अर्कै रह्यो ।
सञ्चालक् समिती अनेक तहमा पूरै विभाजन् भयो ॥
मुख्ये मूल् समिती पुगो ढिकुटिमा सत्पात्र धान्को सह ।
राम्रो काम गरेन ता यदि भने उफ्रिन्छ तल्लो तह ॥

॥९॥

देख्नू हुन्न गुरू भनेर गुपचुप् गर्दै नगर्नू अब ।
थाहा पाउन शेषका पछि पनी तज्विज् मिलाएँ सब ॥
भन्नू भो गुरुले गुठी समितिमा रेख्देखका खातिर ।
कस्को मन् घटिया कती छ वढिया जानी लिने आखिर ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भत्कायो यदि लौ कतै अलिकती चेष्टा नराम्रो गरी ।
निन्दा मात्र पनी गरेछ त भनें आरीसले वेसरी ॥
यस्तालाइ ठुलो सजाय गरुँला, देख्तैन उस्ले तर ।
धोका पाउँछ भन्नु भो गुरुजिले एस्तो नगर्ने गर ॥
॥११॥

जिम्मा वक्सिनु भो गुठी जब अनी पंडित् पुजारी पनी ।
सामू राखि पढाउने गुरुजिमा अर्ती अनेकौं अनी ॥
गर्नू भो गुरुलें हरेक तहको चर्चा वगैंचा तक ।
भन्नू भो शुभ कर्म दर्नु वहिमा सत् मार्गका रक्षक ॥
॥१२॥

हाम्रा संरचना सजाइ रहनू दिंला सदा सुन्दर ।
होला धाम ठुलै इनै सुरचनालाई सुरक्षा गर ॥
भन्दै आखिरमा षडाननजिले जम्मै भएको जती ।
दिङ्लाली जनमाझ सुम्पिनु भयो दिङ्लालिको सम्पती ॥
.....॥१३॥ .....

अब त गुरु षडानन् तीर्थ जाने भनेर ।
गमन मन भएका तीर्थ सारा गनेर ॥
सबतिर पुगि आऊँ भन्नु भो एक फेर ।
अनि अरुण नदीमा पुग्नु भो पानिनेर ॥
॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिङ्ला फर्केर हेर्दा

गरू तीर्थादीको समय पनि लामू गरिकन ।
फिरी वक्स्यो दिङ्ला पुनरपि त सम्झी मनमन ॥
सुकीर्तीमा भक्ती धरिकन सदा लागिरहने ।
गुरूलाई देख्ता् सबजन रमाए अब भनें ॥
॥१॥

गुरू कै सामुन्ने प्रगति नतिजा दाखिल गरे ।
सबैको आ-आफ्नो प्रगति गति राम्रो रछ अरे ॥
गुरूका अर्तीले मनुज मनका कञ्चन थिए ।
अनी सङ्ला मन्का भइकन त राम्रै गरिदिए ॥
॥२॥

मठादी मन्दिर्मा अविरल पुजा पाठ गरिने ।
पढाईमा विद्यालय तिर छ सन्तोष भरिने ॥
गुठी फाट्वारीको पनि गजब लेखा रछ अनी ।
चलेको देखिन्थ्यो सबतिर सुमङ्गल्मय वनी ॥
॥३॥

बगैंचा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वगैंचाको शोभा मनहरण गर्नेरछ अनी ।
गुरु लागीवक्स्यो खुरुखुरु वगैंचातिर पनि ॥
अगाडी को आयो ? कदलि फल रुद्राक्ष तरुले ।
चिने, योगी राजा, भनिकन चिने, फूलहरुले ॥

॥४॥

फलेका हाँगाले गुरु चरण ताकी तलतिर ।
नुहेका देखिन्थे फल लिइ झुकाईकन शिर ॥
कतै बाह्रैमासे ढकमक फुलेका फुल थिए ।
गुरु राजालाई मगमग मिठो वासन दिए ॥

॥५॥

गुरु गति कति राम्रो !! चाल रोकेर काहीं ।
उपवन तल माथी हेर्नु भो जाहिं ताहीं ॥
वरिपरि घुमि फेरी पस्नु भो भित्रभित्र ।
फलफुल हरियाली देखिए लौ विचित्र ॥

.....॥६॥ .....

अम्वा, आँप, अनार, आरूबखडा, आरु अनारस् अनी ।
नास्पती फल, सुन्तला फल थिए, कोला थिए, ती पनी ॥
फल्थे वेल मिठा कतै त कटहर्, लप्सी, सुपारी थिए ।
रोप्नेलाइ फल्यौं भनेर इनले गद्गद् वनाई दिए ॥

॥७॥

फूल्ने फूल मिठास वासन छरी जाती अनेकौं थरी ।
यौटै वोट महाँ अनेक रङले फुल्थे अचम्मै गरी ॥
नाऊँ भन्न सबै सकिन्न फुलका जाती हजारौं थिए ।
रोप्नेलाइ फुल्यौं भनेर इनले मग्मग् बनाई दिए ॥

॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोभा दार तरू अशोक र अरू हाँगा मिलेका जती ।
हेर्दा पानश झैं, थिए कलश झैं, शोभा कती हो कती ॥
शोभा यो पहिले रचेर अहिले योगी षडानन्दले ।
आफ्नै पौरखमा रमाउनु भयो अत्यन्त आनन्दले ॥

.....॥९॥.....

गुरु उपवन हेर्दै आइपुग्नू भएछ ।
अलिकति पहिलेको काम वाँकी रहेछ ॥
गुरुमन लहरायो जाँगरीलो पनाले ।
सबसित कहनू भो शेष वाँकी हुनाले ॥

॥१०॥

सीताराम र लक्ष्मणादि पहिले संस्थापना देखियो ।
जोडी मन्दिर भित्र पूर्वतिर ता पत्थर वडेमा थियो ॥
सोही पत्थर श्री षडेश्वरजिको आकारका खातिर ।
को होला सिपराज ? श्री गुरुजिले गम्नूभयो आखिर ॥

॥११॥

नौला मानिस कल्पिंदा गुरुजिले आईपुगेथे अनी ।
थाहा भो गुरुलाइ ता तरपनी गर्नू भयो सोधनी ॥
दिङ्लामा रमणीय धाम उनले पैले सुनेका अरे ।
जाईजाउँ भयो अरे र अहिले आएर देखा परे ॥

॥१२॥

नाउँ ता रछ रत्नमान सिपमा कालीगडै रे अनी ।
जाती हो रछ ताम्रकार उनको आए कलाका धनी ॥
मन्का वात भला कुसार पछि ता वाला गुरुले सब ।
वाँकी काम सुनाउँदा"गरिदिनें "भन्दा भए ती अब ॥

॥१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूँदे पत्थर रत्नमान शिपका ज्यादै सिपालू थिए ।
यौटै पत्थरमा षडेश्वर वडा राम्रो वनाई दिए ॥
पाटा चार गरी उचा अलिकती चौकी सरी देखिने ।
उस्माथी शिव जी षडेश्वर भए शोभा वढाई दिने ॥

॥१४॥

नन्दी पत्थर कै कुँदेर शिवको सामू रह्यो वाहिर ।
प्यारो भक्त वसो सदा शिवजिको सीधा उचाली शिर ॥
गोरू क्या वलियो वसेछ मजाले जस्तो सधैं देखिने ।
इच्छा हो गुरुकै सरासर वरा आए वनाई दिने ॥

॥१५॥

अर्को पित्तलको सुवर्ण रङको नन्दी वनाए अनी ।
शीला स्तम्भ खडा गरेर शिरमा राखी दिए त्यो पनी ॥
पैले नै हनुमान पश्चिम दिशा खम्वो परी नै थिए ।
ऐले पूर्वदिशा शिला उपर नै नन्दी वसाई दिए ॥

॥१६॥

भक्तीभाव धरी दिएर पहरा वस्ता भए वाहिर ।
तैनाथी हनुमान रामतिर औ नन्दी महाँद्यौ तिर ॥
स्वामी भक्त भए अरे र पहिले शास्त्रादिमा लेखिए ।
दिङ्लामा गुरुको कृपा हुन गई ऐले यहाँ देखिए ॥

॥१७॥

ठूला घण्ट वनाइ चार सुरमा झुण्डचाइएका थिए ।
आएँ हे ! भगवान भन्न मजले वज्ने वनाई दिए ॥
आज्ञा माफिक ता वनाइ सकिए भन्थे कलाका धनी ।
ताम्राकार छँदै थिए गुरुजिका जे जे वनाए पनी ॥

॥१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमीदान गरे गुठी उपरमा दाता दयालू बनी ।
शीलामा सब नाम लेखि दिनमा वाला गुरूले पनी ॥
इच्छा गर्नु भएछ रत्न गुरुका इच्छा विचार्दै थिए ।
आज्ञाकै अनुसार अक्षर कुँदी शीला खडा गर्दिए ॥

॥१९॥

शीलाको शिरमा षडानन गुरू, श्री सूर्य, औ चन्द्रमा ।
द्यौताका नमुना वनाइ पहिले शोभा दिए शीरमा ॥
शीला लेख भरे दुवैतिर भुमी दाता सबै लेखिए ।
हेर्नेलाई खुला गरी वरिपरी बारेपनी देखिए ॥

॥२०॥

उन्नाईस् सय साठि फाल्गुन थियो शीला मिती लेखियो ।
शीलाको सुरुमा षडानन गुरू दाता नगद् देखियो ॥
त्यो वेला गुरुका हजार रुपयाँ वाईस अर्पण् दरे ।
भू दाता दरिए अनी अरु पनी शीला त पूरा गरे ॥

॥२१॥

ताम्राकार प्रशंसनीय ठहरे उन्कै ठुला कामले ।
प्यारा ती सिपराजमा गुरुजिले अत्यन्त सम्मानले ॥
इच्छा माफिक दाम राखि दिनु भो गद्गद् भए ती पनी ।
लागे घर्तिर खर्च गर्न मजले पुग्ने भयो है भनी ॥

॥२२॥

शीला लेख र ताम्रपत्र गरिए छाडे निशाना अब ।
सीताराम गुठी ठुलो ढिकुटिका दाता यिनै हुन् सब ॥
भू दाताहरु को थिए ? कतिकती जग्गा दिए के कती ?
शीलालेख पढे वुझिन्छ सब यो देखिन्छ लेखेजती ॥

॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक सहिछाप

सामाजीक सुधार गर्दिनु भयो वालागुरुले सब ।
धाराका तुलसी लगेर घरमा रोपेर राखे अब ॥
रक्षा, लाभ र धर्म हुन्छ, गुरुले भन्नू भयो रे अनी ।
त्यै वेला सुरु गर्दिए तुलसि ता घर्मै सजाऊँ भनी ॥

.....॥१॥ .....

पती मर्दा रोए दुइतिर दुई श्रीमति जब ।
सती जानालाई दिदि वहिनिमा निर्णय अब ॥
गुरुलाई सोध्ने खुलदुल हुँदा श्री गुरु पनी ।
तहीं आई वक्स्यो सति हुनु नपर्ने अब भनी ॥

॥२॥

चिताग्नीमा ज्यूँदै नमरि नहुने यै मनमन ।
डराई रोएका न कि पति मरेका भनिकन ॥
वतायो आँशूले गुरु मनमहाँ दर्द छरियो ।
उसैवेला देखी सति नियम संहार गरियो ॥

॥३॥

कुरा दिंलाकै हो वितलव र लंसाल थरि यो ।
सती जानालाई गुरु अघिसरी वन्द गरियो ॥
छुटो दिंलादेखी सति-शर र दर्वार छुन गो ।
अनी नेपालीको सति नियम खारेज हुन गो ॥

.....॥४॥ .....

धार्मिक् चिन्तन गर्नु भो गुरुजिले सद्भाव फैलाउँने ।
सप्ताहा कहिले, नवाह कहिले इच्छा भयो लाउँने ॥
इच्छामा गुरुको समर्थन दिए सत्पात्र जो जो थिए ।
सुन्नासाथ खुशी भएर सबले पूरै भरोसा दिए ॥

॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नूभो गुरुले पुराण दुइटै ब्यासाशनैमा वसी ।
सुन्थे भक्त पुराणका शुभ कथा मन्मन्दिरैमा पसी ॥
भन्थे अर्थ सुनाउने गुरुजिको कस्तो मिठो शैलि यो ।
वारीपारि पुराणको खबर यो तत्काल नै फैलियो ॥

॥६॥

भन्नू हुन्छ गुरू पुराण दिनहूँ सुन्थे हजारौं अनी ।
झस्के झैं हुनु भो पुराण नभनी हे राम ! राम्राम् भनी ॥
जाहाजै डुवि गो मरे सब अरु वाँचें म ता लौ अब ।
भन्दा भिज्नु भयो तहीं गुरुजिता छक्कै परेछन् सब ॥

॥७॥

भारतमा अखवार छापिन गयो आश्चर्य मानीकन ।
डुबो जाहज ता भरे सबजना यौटा वुढा सज्जन ॥
निस्के सागरमा हिंडे खुरुखरू पानी उपर्मा पनी ।
द्यौतै हुन् कि मनुष्य ? छापिन गयो फ़ोटो यिनै हुन् भनी ॥

॥८॥

जाहाजै डुवि गो मरे सब वरा ! ब्यासाशनैमा यता ।
भिज्दै भन्नु भएछ श्री गुरुजिले, शोकाकुलै भो उता ॥
अर्को देह धरेर सागर परी के काम पूरा गरी ?
फिर्दा हिड्नु परो ठुलो जलधिमा आपत्ति भो वेसरी ॥

॥९॥

सोधी खोजि गरे वताइ दिनु भो "इच्छा मरण् हो,, अनी ।
सिन्धूका तटमा परे शरणमा देवर्षि देख्यौं भनी ॥
छापे भारत वर्षको खबरमा तत्काल जे जे भयो ।
त्यै वेला गुरुको वयान फिजिदै नेपाल आई गयो ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिंलामा अखवारका खबरले तिन्छक्क पारी दियो ।
घौतैको अवतारमा गुरुजिको सद्भावना फैलियो ॥
हाम्रा इश्वर हे षडानन गुरु ! भक्ती मनैमा धरी ।
भन्थे दर्शन गर्दथे गुरुजिको पक्रेर पाऊ परी ॥

॥११॥

सप्ताहा र नवाह अन्त्य दिनमा साङ्गे भयो त्यै दिन ।
तूला दान दिने तराजु गतिलो झुण्डचाउँथे तौलिन ॥
पैसा, धातु र धान दान दिनमा तैयार जो जो थिए ।
तूलादान दिंदा वराबर दिए आफू तहीं जोखिए ॥

॥१२॥

कोही धान लिएर धान्य परवत् गर्ने भयौं है भनी ।
पोखे धान भएछ पर्वत सरी, पानी समाए अनी ॥
एस्ता दान सवै दिए गुरुजिमा भन्ने सुनेको थिएँ ।
भन्नू भो गुरुले "गुठी ढिकुटिमा मैले सवै सुम्पिएँ "॥

॥१३॥

सल्लाहा ब्रतवन्धको दिनुभयो वाला गुरुले पनी ।
भेला एक सए र आठ गरिए केटा यिनै हुन् भनी ॥
आ-आफ्नै घरमा गरेपनि हुने, भेला भए झन् अनी ।
गर्दा हुन्छ रमाइलो र सजिलो, भन्नूभयो यो पनी ॥

॥१४॥

तोकेको व्रतवन्ध लग्न गुरुले राम्रो तिथी जो थियो ।
आए त्यै दिन नारदे चउरमा भेला ठुलो देखियो ॥
घूँसो त्यै व्रतवन्धका दिन ठुलो पानी असीनापरो ।
भिज्ने छट्पटीमा गुरू वचनले त्यो ठाउँ खाली गरो ॥

॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्काई दिनुभो अरे गुरुजिले औंलो घुमाईवरी ।
घेरा गोलगरी परो वरिपरी ठूलो झरी वेसरी ॥
त्यो ठाऊँ जतिमा त रैन छ उभो हेर्दा पनि वादल ।
हावा गोल भएर वादल उडो आएन पानी तल ॥

॥१६॥

आपत्ती गुरुले हटाइदिनुभो, भन्दै रमाए सब ।
आ-आफ्नो व्रतवन्ध कर्म सजिलै पूरा गरे लौ अब ॥
निम्तारु जन खानपान तिर गै खाँदै थिए जो जती ।
खाने मानिस ता अझै वहुत छन् पुग्दैन है के कती ?॥

॥१७॥

भन्ने खुल्दुल यो वुझेर गुरुले हेर्नू भयो रे अनी ।
खाने सर्दममा मिठा फल अनी पक्वान्न हेर्दा पनी ॥
"थोरै हो तर पुग्छ, पुग्छ,, गुरुले भन्नू भएथ्यो अरे ।
वाँडे खान वसे अघाउँजि भयो, खाईसकेनन् भरे ॥

.....॥१८॥ .....

झरि पनि अघि जस्तो पर्न छाडेछ ऐले ।
झुकिकन गुरुजीमा जानलागे क्रमैले ॥
गफ गरिगरि हिड्थे दिन्भरीका कुरामा ।
उपनयन दिलाए, आँतका आँकुरामा ॥

॥१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन किनारा

धर्ती माथी हर किसिमका प्राणिले वास गर्ने ।
ती मध्येमा मनुज गनियो वुद्धिमानी ठहर्ने ॥
कालैले यो प्रकृति पथमा जीव सारा घुमाई ।
पक्का कच्चा कति त कलिलै लान्छ आफ्नो कमाई ॥
॥१॥

सारा प्राणी प्रकृति पथमा जीवजाती सवैले ।
आफ्नो-आफ्नो समय गतिमा चल्नुपर्ने क्रमैले ॥
तेश्रो पाऊ पनि गुरुजिको जिन्दगानी गएछ ।
काठ्माण्डूको पचलि भइरब् जान इच्छा भएछ ॥
॥२॥

गोटी चालो समय गतिले श्री षडानन्दलाई ।
बूढै पारो अलिअलि गरी केश सेतै वनाई ॥
दाह्री जूँगा रउँपनि फुले वृद्धवस्था जनाई ।
एकान्तैमा रहन गुरुले भन्नू भो जानलाई ॥
.....॥३॥.....

अज्ञानीमा चेत पूरा भराई,
दिंलालाई धाम ठूलो गराई ।
किर्तीगाथा पारदर्शी वनाई,
जाने मन्भो देव औतारलाई ॥
.....॥४॥.....

एकान्तस्थलमा गएर रहने प्रस्ताव राखौं भनी ।
दौंतेरी जनमा वताउनु भयो वालागुरूले अनी ॥
भक्ती भाव धरेर भक्तजनले आएर विन्ती गरे ।
"दिङ्ला त्याग नगर्नु है गुरुजिले,, भन्दै अघाडी सरे ॥
॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नू भो गुरुले तपाइँहरुले फिक्री नगर्नू अब ।
मेरो वास जहाँ भएपनि यहाँ हेरी रहन्छू सब ॥
मेरा शेषपछी दिवाकर सँगै, तारा सँगै रातमा ।
हेर्छू चाँदनि रातमा पनि यहाँ देखिन्छ आकाशमा ॥

॥६॥

सल्लाहा दिनुभो यिनै सुरचनालाई सुरक्षा गरी ।
वस्नूहोस गृहस्थ आश्रम गरी जान्छु म ता यो घरी ॥
सोधे साइत गर्नु हुन्छ कहिले ? भन्दा गुरूले पनी ।
ऐले भन्नु हुदैन, भन्दिनु भयो, चालै नपाउँन् भनी ॥

॥७॥

आफ्ना संरचना सुरक्षित रहुन् भन्ने इरादा धरी ।
डाकेका गुरुले पदाशिन जती आए अघाडी सरी ॥
संस्थाको हित भावना लहरियो वाला गुरू को जब ।
थाहा भो गुरुदेव ! ढुक्क रहनू भन्दा भए ती सब ॥

॥८॥

"सामाग्री,, जहिले म हुन्न तहिले होला यहाँ के कती ।
सीताराम गुठीमहाँ लगिदिनू मेरो भएको जती ॥
यो चामेश्वर पाटिमा पनि सवै खाली गराई दिनू ।
भन्नू भो गुठमा समर्पित गरें, सामान जानी लिनू ॥

॥९॥

भन्ने छू म दुई दुई वरषमा सर्कारलाई पनी ।
सर्कारी तहले हिसाब गुठमा जाँची दिनू है भनी ॥
भन्नू भो गुरुले निवास नजिकै सुन्ने थिए ती अरु ।
भाषा सर्छ मरेर मानिस गए धेरै कुरा के गरूँ ?

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिंला छाडिदिनू भएछ गुरुले सुन्सान वेला गरी ।
इच्छा माफिक अल्पिदा पचलिमा पुग्नू भयो त्यै घरी ॥
पैले श्री गुरुदेव त्यै पचलिमा वस्नू भएको थियो ।
ऐले वृद्ध उमेरले पनि तहीं फेरी पुऱ्याई दियो ॥

॥११॥

एकान्त स्थल काठमाण्डु पचली भैरब् जहाँ वाग्मती ।
सामू हर्दम कल्कलाइ वहने शोभा कती हो, कती ॥
यौटा पीपल गाछका वरिपरी आश्रम् कती सुन्दर ।
देवी देव कतै सजावट हुँदा यो घाट भैं कुन्छर ?

॥१२॥

साधू शन्त मिलेर वस्न सजिला आश्रम् वनेका थिए ।
राम्रो आश्रममा षडानन गरू वस्नू भनी सुम्पिए ॥
इच्छा माफिक गर्दिए गुरुजिले भन्नै नपर्ने गरी ।
कोही छैन गुरू सरी जगतमा, श्रद्धा गरे वेसरी ॥

॥१३॥

चेला एक वने त्यहाँ गुरुजिको सेवा गरौंला भनी ।
डिल्लीराम रहेछ नाम,थरका गौतम् वरा ती पनी ॥
साधू संगतमा रमाइ रहने ती व्रह्मचारी अरे ।
प्यारो भक्त बनी सदा गुरुजिमा सेवा समर्पण् गरे ॥

॥१४॥

विन्ती पारिदिनू भएछ गुठको हेर्चाहका खातिर ।
सर्कारी तहबाट स्वीकृत मिल्यो हेरीदिने आखिर ॥
जस्तै दूर रहेपनी गुरुजिका दृष्टी यहीं पर्दथे ।
दिंलाली जनता प्रशन्न मनले विश्वास यै गर्दथे ॥

॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैले सूर्य समान झुल्किनु भयो दिंला गडी गाउँमा ।
ऐले पुग्नुभयो षडानन गुरू अस्ताउने ठाउँमा ॥
केहीकाल वितेछ तैपनि त्यहाँ एकाग्र मन् भैकन ।
आफ्नो देह विसाउने मन गरी चौतारिमा गैकन ॥

॥१६॥

"तिम्रा काम पुरा भए अब यहाँ के काम वाँकी छर,,?।
(एकासी गुरुको उमेर विचमा) "जानेभए मन् गर,, ॥
भन्ने शब्द परेर कान गुरुको इच्छा भयो जानमा ।
आए देव अलप् भएर गुरुका सामू परे लानमा ॥

॥१७॥

वस्नू भो गुरुयोग आशनमहाँ यो देह त्यागूँ भनी ।
त्यो वेला गुरुदेवका नजिकमा आएन कोही पनी ॥
साथी देव छँदै थिए गुरुजिका सन्सारको मार्गमा ।
आफ्नो देह त्यहीं विसर्जन गरी पाल्नूभयो स्वर्गमा ॥

॥१८॥

थाहा भो पछि, ध्यानमा गुरुजिको भै गो अवेला जब ।
देखे गौतमले गएर नजिकै ठाडै वसेको शव ॥
हैजा हो कि ? भनेर खल्बल गरे त्यो हैन बल् पर्न गो ।
जादा प्राण पखेरुले बल गरी झाडा तहीं झर्न गो ।

॥१९॥

चाँडै खल्वल फैलियो, गुरुजिका आए चिनारू अनी ।
इच्छा मृत्यु भएछ हेर गुरुको भन्दाभए ती पनी ॥
आफ्ना भक्त मिलेर सद्गत गरे सद्भावनाले गरी ।
पुग्नू भो गुरु देवलोक सहजै सन्सार सागर् तरी ॥

॥२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगीराज अठार सम्वत वयानब्बेमहाँ जन्मिदा ।
मैन्हा मङ्सिर शुक्ल पञ्चमि थियो वैकुण्ठको संझिदा ॥
उन्नाइस् सयको त्रिहत्तर थियो त्यै जेठ वत्तीसमा ।
स्वर्गारोहण होइवक्सनु भयो जन्मेर संसारमा ॥

॥२१॥

धर्तीमा पनि शान्त सुन्दर भए भन्छन् यहाँ स्वर्ग छ ।
द्यौताको सुखशान्त स्वर्ग नभए कस्ले वयान् गर्दछ ?
पुग्नू भो गुरू स्वर्गमा अब त्यहाँ दृष्टी फिंजाईकन ।
हेर्नूहोस त्यहाँ दिवङ्गत यहाँ धेरै भए सज्जन ॥

॥२२॥

जो जो स्वर्ग पुगे सुकर्म गतिले ती देवता भै गए ।
कोही तील समानका कुमतिले अल्झीरहेका भए ॥
दृष्टी गोचर गर्दिदा गुरुजिले तर्ने थिए ती अनी ।
मेरा पितृ गुरू नजीक नभए बोलाउँनू ती पनी ॥

॥२३॥

नन्दीकेश्वर,प्रेमनाथ, क्रमले बाबू र बाजे थिए ।
स्वर्गेवास भए म विर्सु कसरी ? जे जे मलाई दिए ॥
वाला श्री गुरुमा निवेदन गरें नाऊँ दुवैको रहोस् ।
गर्थे श्री गुरुको वयान वहुतै स्वीकार गर्नू हवोस् ॥

॥२४॥

वाजेका मुखबाट जे जति सुनें सारा गुरुका कुरा ।
छन्दोवद्ध गरें प्रमाण गतिला भेटेर लेखें पुरा ॥
लेखें श्री गुरुको अपार महिमा यो काब्य पूरा गरें ।
श्रद्धा भाव धरेर श्री गुरुजिकै कल्पेर पाऊ परें ॥

॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्पाञ्जली

गुरु देवौतारी भइदिनु भयो गर्भ टुहुरा ।
अरू जन्मे सातौं पछि त गुरु आठौं भइपुरा ॥
यशस्वीको आठौं गरभ रछ लौ उत्तम अनी ।
उदाई वक्स्यो रे मनुज मनका पारसमणी ॥
॥१॥

महात्मा बन्ने ता वचपन छँदै सम्झिनु भयो ।
अनी लागी पर्दा हर कदम कष्टै हुन गयो ॥
भए अष्टै शिद्धी जपतप ठुलो साधन गरी ।
मिलो मन्को माला तप उपर देवी अघिसरी ॥
॥२॥

महर्षी हिन्दूका उदय चलमा चम्किनु भयो ।
अनी हिन्दूस्तानी मुलुक भरमा लम्किनुभयो ॥
पछी नेपाल् फिर्ने गुरुमन भयो खूब रहर ।
तुरुन्तै पाल्नू भो सहजसित काठ्माण्डु शहर ॥
॥३॥

गुरू काठ्माण्डूको मचलि भइरब् गैकन अनी ।
ठुला साधूजन्का अतिथि हुनु भो रे गुरु पनी ॥
तहीं बस्ता बस्तै प्रवचन गुरुको सुरु भयो ।
गुरू ज्ञान्ले जम्मै शहर भर हल्चल् हुन गयो ॥
॥४॥

गुरू ध्यानाशन्मा जमिन अलिमाथी पनि गरी ।
वसेको देखिन्थ्यो घरिघरि त, हेर्थे छकपरी ॥
कुरो यस्तो जम्मै शहर भर तत्काल गइ गो ।
षडानन् द्यौतै हुन् भनिकन ठुलो नाम रहि गो ॥
॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझी अन्त्यावस्था जब त जननीको मनमन ।
गुरु आइवक्स्यो उस वखत माता ! भनिकन ॥
चरण् पर्दापर्दै जननि पनि स्वर्गे हुनुभयो ।
थियो माता भेट्ने गुरुमनमहाँ, त्यै हुन गयो ॥

॥६॥

सिंगारूँ मातृ भू जननि अब दिंड्ला भनिकन ।
विचारी वक्स्यो रे अनि त गुरुजीले मनमन ॥
गुरू आवाहन्ले भवन वनिए मन्दिर अनी ।
गुठी पक्का भै गो जमिन अनि विद्यालय पनी ॥

॥७॥

सजायाँ हुन्थ्यो रे जुन वखत शिक्षा भनि कहे ।
नपढ्नाले मान्छे उसवखत अन्धै सरि भए ॥
अशिक्षाको पर्दा परिकन त नामर्द पनका ।
बनाए नेपाली मुलुक भर ती मन्द मनका ॥

॥८॥

हुकुम् गर्थे आफ्ना जन उपर सामू परिकन ।
सहन्थे श्री तीन्को हुकुम त शिरोपर् गरिकन ॥
वुझी यी धर्तीको डगमग हुने चाल ननिको ।
गुरू आइवक्स्यो सपुत हुन धर्ती जननिको ॥

॥९॥

अशिक्षाको कालो रजनिपनमा रोशनि गयो ।
थियो शिक्षा ज्योती दिनकर उदाए सरि भयो ॥
भयो दिड्ला झल्झल् गुरु- गण-पतीले अघिसरी ।
लुकाएको शिक्षा जुन वखत उद्घाटन गरी ॥

॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्फै वढ्ला दिङ्ला शहर गुरुकै मन्शुभ भए ।
गुठी जग्गा चाहीं शहर विच खाली हुन गए ॥
नभै खाली जग्गा शहर विच पन्था नगिचमा ।
वने हुन्थ्यो राम्रा गुठ भवन ता बीच विचमा ॥

॥१९॥

गुठीकै आयस्ता अलिअलि उभारीकन अनी ।
गरे हुन्थ्यो पक्कै गुरुजि ! म त खै के भनुँ अनी ॥
वने बष्यौंनीमा शहर भर एस्ता भवनले ।
गुठी आएस्तामा अरु थप चुलिन्थ्यो नि धनले ॥

॥२०॥

गुरू माथीबाटै रविकिरण साथै भइकन ।
गुठी वैठक् आई मनुज मनभित्रै गइकन ॥
गराई वक्सेला इन विषय माथी छलफल ।
पुरी धन्पूरो भै विजुलि पनि होला झलमल ॥

॥२१॥

हुनेछन् यी जम्मै गुरुकिरण पारेर सफल ।
किरण् पारी हेर्दा रतिभर नहोला असफल ॥
गुरु ! द्यौशान्ती यो मुलुकभर सारा छरिदिनू ।
अनी दिङ्लालीको हर वखत माया गरिदिनू ॥

॥२२॥

महोत्सव् गर्दै छौं गुरु ! शुभ जयन्ती रहरले ।
मनाएको हेर्नू उसदिन सुमङ्गल् तरहले ॥
गुरू कै शालिक्मा सुमन अनि माला धरिकन ।
बढो आशा गर्छौं, सफल हुन पाऊ परिकन ॥

॥२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरूकै चेलाका अधिकतम छौं सन्ततिहरू ।
गए अन्तै ठूला शहरतिर कोही अनि अरू ॥
वसेकै छौं दिङ्ला जनमथल माया वस परी ।
धरा यौटै जानी वरपर नजाने मन गरी ॥

॥२४॥

फिरेनन् दिङ्लाली पढिकन त पैलो प्रहरमा ।
पढे दिङ्लै, ऐले विदुर भइवस्ने शहरमा ॥
बडा विद्धान्लाई गुरुकिरण पारीकन अनी ।
फकाई बक्सेला जनमथल हेर्दै गर भनी ॥

॥२५॥

गुरूजी मान्छेको प्रवल नमुना वन्दिनु भयो ।
तपस्या शक्तीको घर महल,हो भन्दिनु भयो ॥
गुरू जस्तै अर्को मनुज पनि जन्मेन कहिले ।
गुरू ! फेरी जन्मे पनि त कति हुन्थ्यो नि अहिले ॥

॥२६॥

गुठीका सामाग्री अटल रहने जे जति थिए ।
सुरक्षा गर्नेले कति सजि सजाऊ गरि दिए ?
सवै जाँची हेर्ने इनदिन गुरूको मन भए ।
चियो गर्नू दिङ्ला, रवि किरणमा देखिन गए ॥

.....॥२७॥ .....

यहाँसम्म यो भाव माला उनेर ।
गुरू कै गलामा लगाऊँ भनेर ॥
उनें फूल छानी हजारौं थरीका ।
दिलैमा फुलेका वगैंचा भरीका ॥

॥२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोभावका फूलपाती लिएर ।
चढाएँ गुरू ! पाउमा सम्झिएर ॥
महीमा गुरूको फलैंचा बनाई ।
विसाई दिएँ, माफ गर्नू मलाई ॥
॥२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नाम
खेमराज गौतम

ठेगाना
केउरेनी पानी ८
दिङ्ला-भोजपुर

पिता
नन्दीकेश्वर गौतम

माता
इन्दिरा देवी गौतम

अध्ययन
शास्त्री

अध्यापन
१६ वर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu